# ॐ शान्ति सन्देश

द्विमासिक



पिताश्री प्रजापिता ब्रह्मा



१. **ठमेल** : शुभ दीपावलीको अवसरमा चैतन्य झाँकी तथा प्रवचन कार्यक्रमको उद्घाटन गर्नुहुँदै राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुदीप पाठक साथमा ब्रह्माकुमारी राज दिदी तथा अन्य । २. **काठमाण्डौ** : आन्तरिक शान्ति र महिला सशक्तिकरणका लागि आध्यात्मिकता विषयक कार्यक्रमको उद्घाटन गर्नुहुँदै महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव धनबहादुर तामाङ्ग साथमा लायन्स डिष्ट्रिक ३२५बी का गभर्नर भूगोल शेरचन, ब्रह्माकुमारी उषा दिदी तथा ब्रह्माकुमारी राज दिदी तथा अन्य । ३. **काठमाण्डौ** : भारतीय राजदूतावासका डी.सी.एम. पियूस श्रीवास्तवलाई राखी बाध्नुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा ब्रह्माकुमार रामसिंह भाइ । ४. **नारायणगढ** : तनाव व्यवस्थापन तथा आन्तरिक शान्तिको अनुभूति शिविरमा विशाल जनसमूहका अगाडि प्रवचन गर्नुहुँदै राजयोगिनी ब्रह्माकुमारी उषा दिदी । ५. **धरान** : कोशी अञ्चल प्रहरी कार्यालयका प्रहरी जवानहरूलाई राखी बाँधे पश्चात ग्रुप फोटोमा एस. एस. पी ज्ञान विक्रम राणा, ब्रह्माकुमारी नानीमैंया बहिनी, दीपेन्द्र प्रहरी विद्यालयका विद्यार्थी भाइ–बहिनीहरू तथा अन्य । ६. **थानकोट** : सशस्त्र प्रहरीका पूर्व अतिरिक्त प्रहरी महानिरीक्षक ठाकुरमोहन श्रेष्ठलाई राखी बाध्नुहुँदै ब्रह्माकुमारी अञ्जु बहिनी साथमा अन्य । ७. **हेटौडा** : तनाव व्यवस्थापन तथा आन्तरिक शान्ति अनुभूति शिविरको उद्घाटन गर्नुहुँदै स्थानीय विकास अधिकारी भगवान अर्याल साथमा ब्रह्माकुमारी उषा दिदी, ब्रह्माकुमारी राज दिदी तथा अन्य । ८. **राजविराज** : प्रहरी उपरीक्षक दानसिंह बोहरालाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी भगवती बहिनी । ९. **थानकोट** : सेनानी सन्तोष गुरुङ्गलाई राखी बाध्नुहुँदै ब्रह्माकुमारी अञ्जु बहिनी साथमा अन्य । १०. **राजविराज** : सशस्त्र प्रहरी उपरीक्षक हृदयनारायण मण्डललाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी भगवती बहिनी । ११. **राजविराज** : श्रीकृष्ण दल गण भलुवाही ब्यारेकमा राखी बाँधे पश्चात ग्रुप फोटोमा मेजर जुद्धबहादुर धिमाल, ब्रह्माकुमारी भगवती बहिनी, ब्रह्माकुमार दीपक भाइ तथा अन्य । १२. **गढीमाई** : गढीमाई मेलाको अवसरमा ब्रह्माकुमारीज वीरगंजले तयार गरेको विशाल शिव लिङ्गको एक झलक ।

# ॐ शान्ति सन्देश

वर्ष १४, अंक ५, २०७१, पौष - माघ

का. जि. द. नं ६५/०५७/०५८


## भगवानुवाच

विश्व नाटकमा अहिले जुन दृश्य चलिरहेको छ त्यसलाई त्रिकालदर्शी बनेर हेर । हिम्मत र उत्साहमा रहेर स्वयम् पनि समर्थ आत्मा बन र विश्वलाई पनि समर्थ बनाऊ । स्वयम्को तुफानमा अचल बन । अहिले जुन समय मिलेको छ, साथ मिलेको छ, अनेक प्रकारका खजाना मिलेका छन् ती बाट सम्पत्तिवान् र समर्थवान् बन । सारा कल्पमा यस्ता राम्रा दिन फेरि आउने छैनन् । त्यसैले आफ्ना सबै चिन्ताहरू बाबालाई दिएर निश्चयबुद्धि, निश्चिन्त बन । कल्याणकारी बाबा र समयको लाभ लेऊ ।

## अमृत सूची


| विषय | पृष्ठ |
|---|---|
| १. विलक्षण प्रतिभाका धनी प्रजापिता ब्रह्मा | २ |
| २. विद्वत्ता र विनम्रता | ६ |
| ३. प्रजापिता ब्रह्मा र मुरली | १० |
| ४. परहित नै सर्व श्रेष्ठ हित | १३ |
| ५. सुन्दर स्वर्ग ल्याउँ (कविता) | १५ |
| ६. विचार र अन्नको प्रभाव (चित्र कथा) | १६ |
| ७. यसरी गरौं ईर्ष्याको उन्मूलन | १८ |
| ८. विश्वशान्ति ! सम्भव छ ? | २१ |
| ९. संगम युग रुहानी मौजको युग | २४ |
| १०. अनुभूति | २८ |
| ११. मेरो मधुवन यात्रा | ३१ |



संरक्षक

**निर्देशक, ब्रह्माकुमारी राजदिदी**

सम्पादक

**ब्रह्माकुमार तिलक बहादुर शाही**

प्रकाशक

**ब्रह्माकुमारी राजयोग सेवा केन्द्र**

विश्व शान्ति भवन, ब्रह्माकुमारी मार्ग, ज्याठा, ठमेल, काठमाण्डौ

फोन : ४२४९०५८,४२६२३३०

E-mail : omshantisandesh@gmail.com, rajyoga@ecomail.com.np

कला निर्देशक

**प्रा. राधेश्याम मुल्मी**

मुद्रण

**शारदा प्रिन्टिङ्ग प्रेस**

न्यू प्लाजा, पुतली सडक फोन : ९८५१०६७८८४




ज्ञान जीवनको दर्पण हो जसले हामीलाई ठीक बाटो देखाउँछ ।

सम्पादकीय



# विलक्षण प्रतिभाका धनी : प्रजापिता ब्रह्मा

मानवलाई ज्ञानवान्, गुणवान् मूल्यवान् बनाएर शिव भगवान्को साथ-साथ ब्रह्मा बाबाले नव सृष्टि, पावन सृष्टि र देव सृष्टिको लागि जुन अद्वितीय कार्य गर्नुभयो त्यो साह्रै विलक्षण, बेजोड र बहुमूल्य रहेको छ । शिव भगवान्को महिमा त अवर्णनीय, अतुलनीय र अनुपम छ । ब्रह्मा बाबाको पनि गुण, विशेषता र महानता पनि प्रशंसनीय, उल्लेखनीय र सराहनीय रहेको छ। ब्रह्मा बाबा एक प्रभावशाली, प्रतिभाशाली र प्रभुत्वशाली व्यक्तित्वका धनी हुनुहुन्थ्यो । ब्रह्मा बाबाका जीवनका हर पक्ष, पहलु र पाटाहरू अत्यन्तै महत्वपूर्ण, प्रेरणादायी र असाधारण रहेका छन् । उहाँले मानव उत्थानका लागि जुन त्याग, तपस्या र सेवा गर्नुभयो त्यो सबैको लगि अनुकरणीय र अनुसरणीय छ। आजको युगमा प्रायः सबै मानवको विचार, व्यवहार र संस्कार तमोगुणी बनिसकेको छ। ती सबैलाई बदलेर सतोगुणी बनाउनमा जुन कदम ब्रह्माबाबाले चाल्नुभयो त्यो अत्यन्त अद्भुत, अलौकिक र उच्च कोटीको रहेको छ। ब्रह्मा बाबा मानव सेवा, समाज सेवा र ईश्वरीय सेवामा आफ्नो वृद्ध तन भएर पनि निरन्तर जुटिरहनुहुन्थ्यो । सदा-सर्वदा मनुष्यात्माहरूलाई कसरी सुख दिऊँ, कसरी सम्पन्न बनाऊँ यही ख्याल निरन्तर चलिरहन्थ्यो। प्रतिदिन १८ घण्टा सेवामा जुटनु त सामान्य दिनचर्या हुन्थ्यो तर रातमा समेत जागेर दुःखी, रोगी, अशक्त आत्माहरूलाई शक्ति र सकाश समेत दिनुहुन्थ्यो। ब्रह्माबाबाले दधीचि ऋषि समान आफ्नो हड्डि-हड्डि ईश्वरीय सेवा, मानव सेवामा अर्पण गर्नुभयो। ९२ वर्षको वृद्ध अवस्थासम्म पनि ब्रह्माबाबामा उमंग, उत्साह र खुशी रहिरहृयो । उहाँ यज्ञमा कस्तै विघ्न, समस्या र परिस्थिति आए पनि सदा अचल, अडोल र स्थिर रहनुभयो । हर परिस्थितिमा उहाँको स्वस्थिति समान रह्यो ।

अदि देव, आदिनाथ, भागीरथ, प्रजापिता ब्रह्माको उच्च आसनमा रहेर पनि ब्रह्मा बाबाको जीवन अत्यन्त सरल, समान्य र सादा थियो । सादा जीवन उच्च विचारका उहाँ पृष्ठपोषक हुनुहुन्थ्यो। उहाँको बस्ने-सुत्ने कोठा, पहिरन, खान-पान आदि सबै अत्यन्त सामान्य थियो । श्वेत वस्त्र उहाँको पोशाक थियो भने अल्पाहार भोजन थियो। उहाँले तय गर्नुभएको, छान्नु भएको स्वेत वस्त्र, धवल वस्त्र यज्ञ वत्सहरूको पोशाक बन्यो जसबाट आज सारा संसार परिचित छन्। रंगीन वस्त्र बढी खर्चिलो र तडक-भडक बढी हुन सक्ने कुरालाई मध्यनजर राखेर मितव्ययिताको आदर्शलाई आत्मसात् गर्दै यज्ञ वत्सहरूलाई बाबाले सादा, स्वच्छ र पवित्र जीवनको पाठ पढाउनुभयो । लाखौं लाख नर-नारीहरूले बाबाको यस ज्ञान-आभूषण बाट प्रभावित भएर स्वेच्छाले फेसनेबुल जीवनलाई तिलाञ्जली दिई सादा जीवन

अपनाए । यति मात्र होइन अपितु गर-गहना बाट सुशोभित शृङ्गारित जीवनको पनि पूर्ण परिवर्तन गरे । अनि खान-पान, रहन-सहन, घुम-फिर अदिको पूर्ण कटौती गरेर साधनायुक्त अल्पाहारी जीवन अपनाए । यसरी आफ्ना एक-एक कर्म इन्द्रियलाई साधनाको अग्निमा तपाएर आत्मिक उन्नतिको शिखरमा आरूढ भए । यसरी एकातिर आर्थिक बचत भयो भने अर्कोतिर व्यर्थको वचत रकम मानव कल्याण, लोक कल्याणको मार्गमा प्रयोग गर्दा पुण्य भयो, खुशी प्राप्त भयो अनि आशीर्वाद प्राप्त भयो । बाबाले स्थूल धनको बचत गर्ने कला मात्र होइन अपितु समय, संकल्प र श्वासको समेत वचत गर्ने कला सिकाउनुभयो ।

ब्रह्मा बाबा सादा जीवनका मात्र होइनन् त्यागका पनि पराकाष्ठा हुनुहुन्थ्यो । ब्रह्मा बाबा त्यागी, महात्यागी र सर्वांश त्यागी हुनुहुन्थ्यो । त्याग त अनेक आत्माहरूले गरे तर ब्रह्मा बाबाको जस्तो त्याग यस विश्वमा अरू कसैले गरेको पाइँदैन । ब्रह्मा बाबाले त्यागको पनि त्याग महात्याग गर्नुभयो । यज्ञको आरम्भमा नै आफूले जीवनभर आर्जेको धन-दौलत, लौकिक सम्बन्ध, चल-अचल जाय-जेया भविष्यको कुनै ख्याल नै नगरी महायज्ञ, रुद्र ज्ञानयज्ञमा सर्व समर्पण गर्नुभयो । यज्ञको सम्हाल र पालना गर्दै जाँदा अनेक आत्माहरूबाट प्राप्त मान-सम्मान, आदर-सत्कार आदिको पनि त्याग गर्नुभयो । यति मात्र होइन आफ्नो योग साधनाबाट प्राप्त सिद्धि, प्रसिद्धि आदि कुनैको पनि प्रभावमा न आएर एक शिवबाबाको देन सम्झेर आफू निमित्त सम्झेर कार्य गर्नुभयो । ब्रह्मा बाबाले कुनै पनि बेला, कुनै पनि पक्षमा आफ्नोपन, मैपन, मेरोपनको भाव र भावनाबाट माथि उठेर निमित्त भाव, निर्माणभाव र निर्मल वाणीमा नै स्थित राखेर सर्वांश त्यागको ज्वलन्त उदाहरण प्रस्तुत गर्नुभयो । यज्ञको सम्पूर्ण कार्य र जिम्मेवारी बहन गरेर पनि कमलपुष्प समान निर्लिप्त, रहनुभयो । कहिल्यै पनि कसैको मनलाई आफूतिर खिच्नुभएन केवल एक शिव बाबातिर मात्र सबैको ध्यान आकृष्ट गर्नुभयो । एक शिवबाबामा नै सबैको दिल-दिमाग जुटाउनुभयो । आफ्ना सुख-सुविधाका लागि कहिल्यै कुनै पनि कुरा राख्नुभएन । यज्ञको विस्तारित कममा नयाँ-नयाँ भवन बन्दै गएका थिए तर पनि बाबाले कहिल्यै नयाँ घरमा पहिला म नै बसुँ भन्ने चाहना, कामना र इच्छा राख्नुभएन । जसरी विश्वपिता शिवबाबा पुरानो तन, पुरानो दुनियाँमा आउनुभयो त्यस्तै ब्रह्मा बाबाले पनि पुरानै घरमा रहन रुचाउनुभयो । नयाँ घर, नयाँ सामग्री यज्ञ वत्सहरूका लागि हो, सेवाको लागि हो भनेर बच्चाहरूलाई सुम्पिनुभयो। बाबा वेहदका वैरागी हुनुहुन्थ्यो। उहाँले कसैलाई पनि आफ्नो साथमा बसेर फोटो समेत खिचाउनुभएन, कसैलाई खुट्टामा ढोग्न र झुक्न लगाउनुभएन । यस्ता महान् त्यागी बाबा जसले आफूलाई गुप्त राखेर समाज र संसारको लागि त्यागको एक अनुपम उदाहरण प्रस्तुत गर्नुभयो ।

बाबाको यही महान् त्यागले सहजै तपस्वी जीवनको उत्कर्ष र पराकाष्ठामा पुऱ्यायो । बाबा योगीहरूमा राजयोगी, ऋषिहरूमा राजऋषि र तपस्वीहरूमा महातपस्वी हुनुहुन्थ्यो । बाबा निरन्तर योगको गहन स्थितिमा रहनुहुन्थ्यो । उहाँ योगाभ्यासको प्रहरमा मात्र होइन सामान्य रूपले कुराकानी गर्दा, कर्म गर्दा पनि विदेही र अशरीरी पनको स्थितिमा रहनुहुन्थ्यो । बाबाको

सानिध्यमा आउँदा र उहाँको कोठामा जाँदा समेत यज्ञवत्सहरू गहन शान्तिको अनुभूत गर्थे । बाबा एक शिवबाबामा नै पूर्ण लीन, तल्लीन र लवलीन रहनुहुन्थ्यो । यज्ञका हर कर्म गर्दा-गर्दै पनि उहाँ एक शिव भगवान्मा समाहित भएको, डुबेको, हराएको महसुसता हुन्थ्यो । योगीको अंग-अंग शीतल हुन्छ भन्ने जुन गायन छ त्यो बाबाको जीवनमा स्पष्ट देखिन्थ्यो । उहाँको निधारमा प्रकाशको चक्र र सारा काया प्रकाशमय प्रतिभासित हुन्थ्यो । बाबा भौतिक देह र साकार संसारमा भए पनि साकार लोकभन्दा पर फरिस्ताको लोक र फरिस्ताको स्थितिमा रहेको आभास हुन्थ्यो । आफ्नो तपको तेज जगत भरी फैलाएर शान्ति र शक्ति प्रदान गरिरहेको महसुस हुन्थ्यो । बाबाको ओज, तेज र प्रकम्पन्नबाट लाभान्वित भएको, उच्च स्थिति प्राप्त भएको हर ब्रह्मावत्सले अनुभूति गर्थे । उहाँको समीपताको झलक र स्थिति अत्यन्त मन-मोहक भएको हर कोहीले पाउँथे । यति महान्, श्रेष्ठ र उच्च योगयुक्त स्थिति बाबाको थियो ।

बाबाको दृष्टि, वृत्ति, कृति र स्थिति यति उच्च, श्रेष्ठ र प्रभावशाली थियो ताकि उहाँको सम्मुख आउने हरेकले आफूलाई देहातीत, इन्द्रियातीत र कर्मातीत महसुस गर्थे । कस्तै देह अभिमानी, अप्रसन्न र अशान्त व्यक्ति पनि उहाँको सामुन्ने जाँदा गहन शान्तिको अनुभूति गर्थ्यो । बाबा सम्पूर्ण आत्म-अभिमानी स्थितिमा रहनुहुन्थ्यो । उहाँका सामुन्ने आउने हर धर्म, वर्ग, लिङ्ग, वर्ण आदिका व्यक्ति समेत सबैले आफ्नोपन भुलेर केवल मेरो बाबा, प्यारो बाबा, मीठो बाबाको धुनमा रहन्थे । बाबाले कहिल्यै कसैलाई दैहिक दृष्टिले हेर्नुभएन केवल आत्मिक भाव मात्र उहाँमा रह्यो । आफ्ना लौकिक सम्बन्धी र कुटुम्बलाई समेत आत्मिक भावले हेर्नुभयो । आफ्ना र पराइको पक्षपातपूर्ण भावबाट माथि उठेर सबैलाई समान व्यवहार गर्नुभयो ।

बाबा आत्मिक भावको साथै शुभ चिन्तन, श्रेष्ठ चिन्तन र सकारात्मक चिन्तनका धनी हुनुहुन्थ्यो । जसरी शिवबाबा कल्याणकारी, मंगलकारी र शुभकारी हुनुहुन्छ त्यस्तै ब्रह्मा बाबा पनि सर्वका परोपकारी, मंगलकारी र शुभकारी हुनुहुन्थ्यो । विश्वका हर व्यक्तिको कल्याण होस्, हर आत्मा सुखी रहून् प्रकृतिका तत्व-तत्व सबै सतोप्रधान बनून् यही उहाँको शुभ सोच थियो । बाबाको अगाडि आउने कस्तै अपकारी, अकल्याणकारी, अन्यायी व्यक्तिमा समेत पनि कल्याणकारी दृष्टि रहन्थ्यो । बाबाको हृदय विशाल, व्यापक र बेहद थियो । उहाँको विरोध गर्ने, आलोचना गर्ने व्यक्तिहरूलाई पनि घृणाको दृष्टिले होइन अपितु स्नेह र प्रेमले हेर्नुहुन्थ्यो, गाली दिनेलाई गला लगाउनुभयो । बाबा आफू त शुभ चिन्तनमा रहनुभयो तर आफ्ना सम्मुख आउने व्यक्तिहरूलाई समेत शुभ चिन्तनमा रहने प्रेरणा दिनुहुन्थ्यो ।

महान् व्यक्तिको हर कार्य महान् हुन्छ । समाजमा अपहेलित, पीडित र तिरस्कृत नारी वर्गको उत्थानमा बाबा दिन-रात खट्नुभयो । उहाँले हर माता कन्यालाई उच्च नजरले हेर्नुहुन्थ्यो र उनीहरूलाई उच्च आदर र सम्मान गर्नुहुन्थ्यो । हाम्रो पुरुषप्रधान समाजले नारीहरूको मनोबललाई गिराएको थियो – नारी नरकका द्वार हुन्, नारी अबला हुन्, नारी ताडनका अधिकारी हुन् जस्ता भावनाबाट । तर शिवबाबाले नारीहरूमा ज्ञानको कलश, अमृत

कलश र जिम्मेवारीको कलश राखेर उच्च स्थान प्रदान गर्नुभयो भने ब्रह्मा बाबाले आफूलाई गुप्त राखेर माता कन्याहरूलाई यज्ञको हर कार्यमा अधि बढाउनुभयो। हर माता कन्यालाई योग्य टीचर, समर्थ टीचर र शक्तिशाली टीचर बनाएर यज्ञको जिम्मेवारी सुम्पिनुभयो। बाबाले नारीहरूलाई सम्मान गर्दै भन्नुहुन्थ्यो नारी पतित-पावनी गंगा हुन्, नारी शिवशक्ति हुन्, नारी स्वर्गकी द्वार हुन्, नारी बन्दे मातरम् हुन् । संसारमा तमाम धार्मिक संघ-संस्थाहरू निर्माण भए तर ती सबै पुरुषप्रधान अर्थात् पुरुषका नामबाट प्रचलित, संचालित भए । जस्तै अरविन्दद्वारा स्थापित अरविन्द आश्रम, ईसा द्वारा स्थापित इसाइ धर्म, बुद्धद्वारा स्थापित बौद्ध धर्म आदि-आदि, तर बाबाले नारीको नामबाट यस महायज्ञको नामाकरण गर्नुभयो । आज ब्रह्माकुमारी संस्थाको नामबाट विश्व परिचित छ। बाबाले जगदम्बा मातेश्वरीज्यूलाई संस्थाको प्रमुख संचालिका घोषित गर्नुभयो । ब्रह्मा बाबाले आफूद्वारा जीवन भर आर्जित सम्पूर्ण चल-अचल सम्पत्ति माता-कन्याहरूको ट्रष्ट बनाएर उनकै नाममा सर्व समर्पण गर्नुभयो । विश्वमा नारीद्वारा सफल रूपमा संचालित एउटै मातृ संगठन, धार्मिक संस्था प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नै हो । विश्वका १४२ राष्ट्रमा ९००० भन्दा बढी सेवा केन्द्र वर्तमानमा संचालित छन् । यो सम्पूर्ण नारीहरूको गौरव हो, सम्मान हो, सत्कार हो । यही बाबाको देन हो ।

महान् व्यक्तिको पहिचान यो पनि हो कुनैलाई काम गर भनेर सिकाउनुको बदला स्वयम् नै गरेर देखाउनु, गरेर सिकाउनु । जुन कर्म म गर्छु मलाई देखेर अरूले गर्नेछन् यही बाबाको आदर्श थियो। बाबाले यज्ञको सामान्य भन्दा सामान्य कार्यदेखि उच्चभन्दा उच्च कार्य पनि स्वयम् नै गरेर यज्ञवत्सहरूलाई सिकाउनु भयो। बाबाले सानो कामलाई पनि बडो रुचिका साथ खुशीका साथ उत्साहका साथ गर्नुहुन्थ्यो।

ब्रह्मा बाबाले नव सृष्टिको स्थापनार्थ आफ्नो तनमा अवतरित हुनुभएका निराकार शिव भववान्को एक-एक आदेश निर्देशलाई शिरोधार्य गर्दै पालना गर्नुभयो र सम्पूर्ण यज्ञवत्सहरूलाई पालना गर्न प्रेरित गर्नुभयो । शिव बाबा र ब्रह्मा बाबाको प्रीत यति गहिरो थियो जुन एकबाट अर्को अलग हुन सक्तैनथे । ब्रह्माबाबा हर प्रहरमा शिव बाबाको यादमा मस्त रहनुभयो, व्यस्त रहनुभयो, सशक्त रहनुभयो । यति गहिरो योग तपको कारण सर्वप्रथम ब्रह्माबाबा शिव पिता समान कर्मातीत फरिस्ता बन्नुभयो । भगवान्‌बाट भविष्य श्रीनारायणको हक लिनुभयो । हाम्रो धर्मशास्त्रमा जुन ब्रह्मा सो विष्णु र विष्णु सो ब्रह्माको गायन छ त्यो साक्षात् बाबाको नै हो।

यस्ता महान्, मूर्धन्य, सत्यनिष्ठ र विलक्षण प्रतिभाका धनी ब्रह्माबाबा आज साकारमा हाम्रो साथ नभए पनि अव्यक्त वतनमा बसेर हाम्रो पालना गरिरहनुभएको छ । यस्ता महान् पालनहार बाबा प्रति हामी सदा ऋणी छौं र ऋणी रहनेछौं । १८ जनवरी ब्रह्माबाबाको अव्यक्तारोहण दिवस हो । अनि स्मृति सो समर्थी दिवस पनि हो । ब्रह्माबाबा समान सम्पन्न र सम्पूर्ण बन्नु नै बाबा प्रति सच्चा-सच्चा श्रद्धा सुमन अर्पित गर्नु हो ।



# विद्वत्ता र विनम्रता

ब्रह्माकुमार रामसिंह ऐर

विद्या आर्जन गरी त्यसमा दक्षता हासिल गर्नु प्रत्येक विद्यार्थीको महान् ध्येय हो । एक महान् व्यक्तित्व विकास गर्न व्यक्ति लगनशीलताका साथ अहोरात्र खटेर अध्ययन गर्दछ । कुनै पनि विषय वस्तुमा प्रवीणता प्राप्त गर्न निकै मेहनत गर्नुपर्दछ तथा समय, शक्ति समेत लगानी गर्नुपर्दछ । पढ्न, लेख्न, सुन्न र सुनाउनमा स्वस्फूर्त रुचि र चासोले अझ अध्ययनको गहिराइमा जान मन लाग्दछ । जति गहन चिन्तन, मनन, अभ्यास र त्यसको अनुसन्धानमा गइन्छ, त्यति नै नयाँ कुरा प्राप्त हुन्छन् तथा अन्तर मनले खुशी, सन्तुष्टताको अनुभव गर्दै जान्छ । निश्चित रूपमा महान् लक्ष्य लिएर अनवरत रूपमा अध्ययन गर्ने व्यक्ति एक दिन एक प्रख्यात विद्वान्, विज्ञ वा अनुसन्धानकर्ता बैज्ञानिकका रूपमा प्रत्यक्ष हुन्छ नै । यस्ता असंख्य उदाहरण पाइन्छन् । मानिसका लागि केवल शारीरिक खुराक र सुख-सुविधाका साधन मात्रै पर्याप्त नहुने र उसलाई बौद्धिक खुराक अति आवश्यक हुने तथ्य विद्या आर्जन प्रतिको अभिरुची एवं त्यस प्रतिको आकर्षणले स्पष्ट गर्दछ ।

विद्या अर्थात् ज्ञान जसले असत्य र भ्रमका बीच सत्य तथ्यलाई प्रष्ट पारिदिन्छ । असत्यको जंगलका बीच बाट सत्यको बगैंचामा आनन्दित हुन सिकाउँछ । साथै अज्ञानको अन्धकारलाई चिर्दै प्रकाशको उज्यालोले झलमल्ल पारिदिन्छ । अन्धकारमा न त बाटो नै देखिन्छ न त यथार्थ कुरा जानिन्छ, न त चिनिन्छ । अँध्यारोमा हिड्ने मानिस लड्न सक्दछ, कतै ठोक्किन सक्दछ । घाउचोट लाग्ने प्रशस्त सम्भावना हुन्छ । भ्रमपूर्ण मनस्थिति वास्तवमा अन्धकारमय स्थिति नै हो । ज्ञानले सबै प्रकारका दोधारमा अल्मलिने कुराहरूको जालबाट सहजै मुक्त गरिदिन्छ । मानिस एक स्वतन्त्र पंक्षी झैं आफूलाई हलुका महसुस गर्दछ । साथै मृत्युको भय, त्रास र क्षणिक कुराको मात्रै घेरा चक्रको मनस्थितिलाई अमरत्व र दीर्घकालीन अस्तित्वको समेत बोध गराई जीवनको नैराश्य, खिन्नता आदिलाई समेत समाप्त गर्न विद्याले ठूलो भूमिका निर्वाह गरेको हुन्छ ।

कतिपय मानिसमा केही प्रतिभाहरू परमात्म उपहार (Godly Gift) का रूपमा पनि उदाउने गर्दछन् । संगीत, गीत, कविता, वाक् चातुर्य, चित्रकला, वाद्यवादन, संगीत स्वर आदि । यस्ता सरस्वतीका वरद पुत्रहरूलाई पनि समाज, राष्ट्र र विश्वका नै धरोहरका रूपमा सम्मानका साथ स्वीकार गर्नुपर्दछ । संगीतको मीठो स्वरबाट अनेक मनलाई मोहित गरिदिने अनेक प्रकारका चिन्ता र मनका बाझ, बन्धनलाई बिर्स्याइदिने वा हलुका बनाइदिने कार्य गर्दछन् । एउटा प्रतिभावान् चित्रकार एउटै चित्रबाट हजारौं शब्दभन्दा बढी ज्ञान दिन सक्दछ त्यो पनि स्पष्ट हुने गरेर । कविताका थोरै पंक्तिहरूले गागरमा ज्ञानको सागरको काम गरेको हुन्छ । विद्वत्ताका यी प्रतिभाहरूको पनि आफ्नै उच्च र प्रशंसनीय स्थान रहने गर्दछ ।

यस्ता प्रतिभाका धनी महान् विभूतिहरूलाई

कुनै कितावहरूको रट्टा लगाउनु पर्दैन । कसैले लेखेका, रचना गरेका कुराहरूलाई मेहनतका साथ कण्ठ गर्नुपर्दैन । यिनीहरूको अन्तस्करणमा रहेको अथाह भण्डार (Unlimited potentiality or treasure) को मुहान खुल्न पुग्दछ र अविरल रूपमा उनीहरूका मुखारविन्दबाट ज्ञान सरिता, कविता, संगीत, लेख, रचनाका रूपमा कहिले नसुक्ने मूलका रूपमा बगिरहन्छन् । जसबाट अनेक मानिसहरू लाभ प्राप्त गर्न सक्दछन् । यस्ता स्व प्रतिभावान् हस्तीहरूको जीवनबाट अनेकौंलाई प्रेरणा, हौसला र जोश-जाँगर प्राप्त हुन्छ तथा जीवन गतिशील बन्न पुग्दछ । यस्ता प्रतिभाहरू यी व्यक्तिहरूका अन्तरमन (Sub–Conscious Mind) मा तिरोहित रहन्छन् र समय, अवस्था र वातावरणका बीच अंकुरित, पल्लवित र पुष्पित हुने गर्दछ । यी प्रतिभाहरूले नवीन र नौला-नौला कुरा पस्किन थाल्दछन् । अरूका लागि मनोरञ्जनात्मक, ज्ञानवर्धक, मनमोहक र मार्गदर्शन बन्दछन् भने आफ्नो यश, कीर्ति, गौरवको इतिहास निर्माण गर्दछन् ।

वर्तमान युगका विद्वान्, दक्ष, व्यवस्थापनविज्ञ र प्राविधिकहरू धन्यवाद र बधाईका पात्र छन् । किनकि कार्यक्षमता, कार्य गर्ने तौर तरीकामा नयाँ पन हुनुका साथै परिष्कृत छ । कम्प्यूटरको यस युगमा हर कार्य ठूलो परिणाममा तर कम समयमा सम्पादन सम्पन्न गर्न सकिने भएको छ । संसारभरिका नयाँ-नयाँ सूचना र जानकारी वर्तमान विज्ञहरूसँग हुन्छ । अत्याधुनिक कम्प्यूटरको प्रयोग र प्रयोजनबाट योजना तर्जुमा डकुमेन्टेसन परिष्कृत तरीकाले तैयार गर्न सकिने हैसियत छ । नयाँ पिढी काम गर्न पनि अति परिश्रम मेहनतसँग खट्ने गर्दछन् । साथै आफ्नो मेहनत अनुसारको पारिश्रमिक लिन्छन् । मेहनतबाट प्रशस्त धन कमाउने गर्दछन् । यी युवा पिढीलाई hard worker पिढीका रूपमा नामाङ्कन गर्दा फरक नपर्ला जो सदा काममा सदा व्यस्त रहन्छन् । तर साथ-साथै यी युवा पिढीहरूले relax सँग Holiday मनाउने, महंगा कारहरू चढ्ने, किमती मोवाइल, कम्प्यूटर आदि प्रयोग गर्ने, आरामदायी जिन्दगीका लागि पनि समय निकालेकै हुन्छन् । आध्यात्मिक चिन्तन, राजयोगको निमन्त्रणमा मात्रै फुर्सद नभएको (No Time) प्रतिउत्तर प्रायः दिने गर्दछन् तर अहिले वातावरण र सोचमा परिवर्तनको लक्षण देखिन थालेकोछ । (Peace of mind) टिभी, संस्कार, जागरण, सोनी, धार्मिक टिभी, रेडियो एफ. एम. का माध्यमबाट प्रसारण, सम्प्रेषण हुने विविध आध्यात्मिक चेतनामूलक आन्तरिक सुधारका कार्यक्रम सुनेर आधुनिक नयाँ पिढीमा केही सकारात्मक सोच पलाएको जस्तो देखिन्छ । तर त्यसले जीवन पद्धतिमा बृहत अनुपातमा स्थान लिन बाँकी नै छ । हामी आशावादी छौं कि भविष्यका दिनहरूमा यो विज्ञ र दक्ष विद्वत् समूह पनि आध्यात्मिक विधाबाट पूरा लाभ लिन सफल हुनेछन् ।

आजको समाजमा सरसरर्ती हेर्दा ठूला मानिसहरूको कमी छैन । विद्या-बुद्धि, पद-पोजिसन, सुख-सुविधा, मान-सम्मान, शान-शौकत तथा कार्य गर्न सक्ने, व्याख्या र विश्लेषण गर्न सक्ने अनेक क्षेत्रमा नामी-ग्रामी gravity भएका व्यक्तिहरू मौजुद छन् । तर ठूला व्यक्तिहरूको आन्तरिक इरादा (intention) कति निःस्वार्थ, सेवार्थ अरूलाई सुख दिन, सहयोग गर्न, न्याय र सुविधाका लागि लगानी भएको छ वा आफ्नो योग्यता बढीभन्दा बढी वा पूरै जोर केवल आफ्नै सुख-सुविधा अर्थ आर्जन तथा luxury &

comfort का सर-साधनको चाँजोपाँजोमा केन्द्रित छ। सत्यलाई नकार्न सकिदैन होला वर्तमान विज्ञ टीम आफ्नै लागि बढी अहोरात्र लागिपरेका छन्। आफूले गरेको पूर्ण लाभ लिन तल्लीन छन्। विरलै होलान् मेरो आर्जन पुण्यको, परोपकारको र charity को कार्यमा पनि लागोस्। समयले अब अरूलाई स्नेह दिने, दया गर्ने, परोपकार र सेवाको कार्यमा समर्पण हुने, निःस्वार्थ, निष्काम भाव, निर्मान भाव भएका महान् र असल व्यक्तिहरूको आश्यकता चाहेको छ। विद्याबाट विनय प्राप्त गरी कमाउन सक्ने योग्य पात्र निर्माण गर्ने र आर्जन गरेको धन अशुद्ध खानपान, अश्लीलता, शौक, मौजमा नष्ट नगरी आफ्ना आवश्कताको परिपूर्तिका साथ-साथै धर्मार्थ, कर्मार्थ तथा परोपकारको कार्यमा समेत खुला दिलले लगानी व्यय गर्ने व्यक्तिहरू खोजेको छ। यस्ता परोपकारको कार्यमा जुन व्यक्तिले तनको शक्ति, मनको शक्ति तथा समय र संकल्पको शक्तिलाई स्वस्फूर्त रूपमा लगानी गर्दछ साच्चै त्यो व्यक्ति महान् विभूतिको श्रृखलामा पर्दछ एवं इतिहासमा स्वर्ण अक्षरमा अंकित हुन्छ तथा वर्तमानमा प्रत्येक व्यक्तिको हृदयको राजा र आँखाको नानी बन्न पुग्दछ।

व्यक्ति ठूलोमा ठूलो बनेको छ तर खजुरको रूख जस्तै अग्लो भएर केही काम छैन। खजुरको रूखले न कसैलाई छायाँ दिन सक्दछ न त त्यसको फलै खान पाइन्छ। अग्लो-ठूलो भने बेपत्ता आकासिएको हुन्छ। तसर्थ फलदार वृक्ष बनौ जसरी लटरम्म फलेको वृक्षको हाँगा-हाँगा झुकेका हुन्छन्। छायाँको शीतलता पनि दिन्छन्। जसवाट पशु, पक्षी, मानव, प्राणीले समेत मीठा फलको स्वाद लिने अवसर पाएको हुन्छ। त्यसैले भनिन्छ, परोपकाराय फलं फलन्ति, परोपकाराय नदी बहन्ति, परोपकाराय इदम् शरीरम्, इदम् जीवनम्। फल दिने वृक्ष आफ्नै लागि फल दिदैन अरूको लागि कल्याण र सुख दिन फल्दछ। नदी आफ्नै लागि बग्दैन। अनेक प्राणीको प्यास मिटाउन, प्राण रक्षा गर्ने, खेतवारी, वृक्ष, वाटिकालाई हराभरा गर्न बग्ने गर्दछ। ठीक त्यस्तै मानव शरीर वा जीवन पनि अरूको भलाईका लागि कल्याणका लागि सहयोगका लागि हो। त्यस अर्थमा प्रयोग हुनुपर्दछ। केवल खाने, पिउने, सुत्ने, भोग-वासनामा मात्र सीमित रहने कनिष्ठ कामका लागि होइन। यो शरीर अरूका लागि केही गर्न र योगदान दिनका लागि ईश्वरको नासोको रूपमा प्राप्त भएको हो। आफ्नो स्वार्थको सीमित घेराबाट माथि उठेर सोच्नु पर्ने, बुझ्नुपर्ने र जीवन दर्शनमा त्यसको कार्यान्वयन हुनुपर्ने बेला छ। विद्वत्ताले मानिसमा अहम् भाव अहंकार भाव, आफूमात्रै चतुर र सक्षम अरू सबै निकम्मा छन्। सामान्य व्यक्तिहरूलाई हेप्ने, घृणा गर्ने, वास्ता नगर्ने, उनीहरूका कुरा नसुन्ने र जुनसुकै कुरामा पनि आफ्नो मात्रै कुरा थोप्ने, अरूका राय, सल्लाह, सुझावलाई चाँडै अस्वीकार गर्ने जस्ता अहंकारजन्य प्रवृत्ति हावी भएको खण्डमा त्यस्ता विद्वान्हरूले कदाचित् अरूको दिल जित्न सक्दैनन्। अरूबाट दुआ र आशीर्वाद लिन सक्दैनन् बरु बद्दुआका पात्र बन्दछन्। यस विषयमा एउटा ऐतिहासिक कालको प्रसंग उल्लेख गर्न उचित हुनेछ।

राजा भोजको दरवारमा माघ नाम गरेका प्रकाण्ड विद्वान् थिए। निश्चित रूपमा उनी कहलिएका विद्वान् थिए तर उनमा घमण्ड र अहंकारको भने सीमा थिएन। त्यसैले राज्यका धेरै मानिसका मनमा उनी खड्केका थिए। तर पनि विद्वान् थिए, राजाका नजिक थिए, सबै

चुप लागेर नै बस्दथे । एक दिन राजा भोज र विद्वान् माघ जंगलतिर सयर गर्न निकै टाढा पुगेछन् । जंगल घनघोर हुनाका कारण बाटो बिर्सेछन् । धेरै पर पुग्दा एउटा सानो कुटी (छाप्रो) देख्नमा आएछ । राजा र माघ त्यही कुटिया छेउ पुगेछन् । ती दुवै जनालाई देख्ने बित्तिकै एकजना बुढी महिला छाप्रोबाट बाहिर आइछन् । माघले बुढियालाई सोधेछन् आमा यो बाटो कहाँ जान्छ । महिलाले बडो तार्किक कुरा गरिछिन् । बाटो कहीँ पनि जादैन यसमा बटुवाहरू (पथिकहरू) आउँछन्, जान्छन् । विद्वान्ले कुरा फेरेछन् हामी यात्री हौं त्यसैले तपाईंले बाटोको विषयमा भनिदिनुस् ती बूढी महिलाले फेरि जवाफ दिइछिन् यात्री त केवल दुइटा हुन्छन् – एक सूर्य अर्को चन्द्रमा । तपाईंहरू त्यस मध्ये कुन यात्री हौ । विद्वान् महाशय झस्केछन् उनले बूढीलाई अलि डराउनका लागि हामी राजा हौं भनेछन् । ती बुढी फेरि पनि दृढतापूर्वक सटीक जवाफ दिन पुगिछन् राजा केवल दुइटा हुन्छन् । एउटा देवराज इन्द्र दोस्रो यमराज भन्नुहोस् तपाईंहरू कुन राजा हौ । ती महिलाको सटीक कडक जवाफसँग आजित भएर माघले भनेछन् । माता हामी विनाशी प्राणी हौं । तर महिला फेरि पनि रोकिइनन् उनले अझ विवेक सम्मत जवाफ दिइन् विनाशी चीज दुइटा मात्रै हुन्छन् । एक जवानी अर्को धन दौलत । अन्ततः विद्वान माघले ती बुढीयासँग माफी माग्दै भनेछन् आमा तपाईंलाई धेरै धन्यवाद मैले हार स्वीकार गरैं अब त बाटोको बारेमा बताउनुहोस् । महिलाले फेरि पनि छोडिनन् र भनिन् हार त केवल दुई जनाको मात्रै हुन्छ । जसले चरित्र गुमाउँछ तथा आफूले आफ्नै टाट पल्टाउने काम गर्दछ तर म विश्वस्त छु तपाईं त्यो श्रेणीमा हुनुहुन्न । अन्तिममा ती बूढी महिलाले कुरा खोलिन् र भनिन् विद्वान् माघ म तपाईंलाई राम्ररी चिन्दछु, तपाई एक ख्याति प्राप्त मूर्धन्य विद्वान हुनुहुन्छ तर याद राख्नुहोस् विद्वत्ताको लक्ष्य विनम्रता हो अहंकार र मिथ्या अभिमान होइन । शिक्षा दिदै महिलाले बाटोको गन्तव्य पनि बताइदिइन तथा विद्वान् माघको अहंकार चूर-चूर भयो र अगाडिको व्यवहार विनम्रता, निर्मलता, निर्मानताको बन्न पुगेको कथन छ ।

उल्लेखित प्रसंगले धेरै सुन्दर सन्देश दिन्छ कि कुनै पनि प्रतिभावान् व्यक्तिहरूको अहंकारले तिनको सुन्दर छविमा मैलोपन र धमिलोपन ल्याउने गर्दछ । राम्रो कुरा हो विद्वत्ता र प्रतिभा हुनु, त्यो आफैमा कदर योग्य, प्रशंसनीय र उल्लेखनीय छ तर त्यसको अहम् भाव उत्पन्न भएको खण्डमा त्यस सुन्दर सम्मानमा खोट लाग्ने काम हुन्छ । तसर्थ वर्तमान विद्वान्हरूको विशाल समूहलाई अध्यात्म विद्याले गुणवान् र मूल्यवान् बन्न विशेष ज्ञान दिन्छ । यस अध्यात्म ज्ञानले प्रत्येक व्यक्तिले आर्जन गरेको डिग्री, डिप्लोमा, पद क्यारियर र उपलब्धि भन्दा पनि उसको शाश्वत अस्तित्व र शाश्वत गुण स्वभाव र स्वधर्मको बोध गराइदिन्छ । जसबाट व्यक्ति आफूले आर्जन गरेको योग्यता र कलाको साथमा आफ्ना अन्तर्निहित innate qualities लाई समेत समीकरण र समन्वयन गरी एक पवित्र र पूर्ण (Pure & Perfect) व्यक्तित्व विकास गर्न सफल हुन्छ । यसबाट मानिस व्यावहारिक जीवनमा आफ्ना कार्य र जिम्मेवारी सम्पादन गर्न समर्थ र सक्षम हुन्छ भने काल, परिस्थिति, घटनाका बखतमा स्थिर, धैर्य र स्वविवेकको प्रयोग गरी संयमशीलका साथ अगाडि बढ्छ । आध्यात्मिक

बाँकी अंश पेज १२ मा..



# प्रजापिता ब्रह्मा र मुरली

प्रा. गोपीकृष्ण शर्मा

प्रजापिता ब्रह्मा बाबाको स्मृतिदिवस हरेक वर्ष १८ जनवरीका दिन व्यक्त र अव्यक्त अवस्थामा समेत भए-गरेका ईश्वरीय सेवा तथा योगदानको श्रद्धापूर्वक स्मरण गर्दै मनाइँदै आइएको छ । ज्योतिर्विन्दु स्वरूप परमपिता शिव परमात्माको रथका रूपमा रहेर ब्रह्मा बाबाले यज्ञमा तन, मन, धन सारा समर्पण गर्नुभयो र विश्वमा यज्ञको विस्तार गर्नुभयो । पहिले ओम मण्डलीको माध्यमबाट र पछि "प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालयको स्थापना गरेर समेत विश्वमा ज्ञान सूर्यको रोशनीद्वारा मानव समाजलाई आलोकित पार्नुभयो । गीताज्ञानको प्रचारप्रसार गरेर सेवामुखी आध्यात्मिक शैलीमा सुखी जीवन बाँच्ने मार्ग उहाँले प्रशस्त पार्नुभयो । अहिले अव्यक्त स्थितिमा समेत उहाँबाट पालना भइरहेको छ । आज हरेक ब्रह्मा वत्सहरू ब्रह्मा बाबाको त्याग र तपस्याको मुक्त कण्ठले प्रशंसा गर्दछन् । ईश्वरीय सेवा केन्द्रहरू तथा गीतापाठशालाहरूबाट हरेक दिन प्रसारित हुने ईश्वरीय महावाक्य मुरली श्रवण-मनन र धारणा गरेर ब्रह्मावत्स आत्माहरू कृतकृत्य बनेका छन् । यो गीताज्ञान ज्योतिस्वरूप परमपिता परमात्मा शिवले प्रजापिता ब्रह्माको माध्यमबाट प्रदान गर्नुभएको हो । उहाँले नै केन्द्र तथा गीता पाठशालाहरूमा राजयोगिनी ब्रह्माकुमारी दिदी-बहिनीहरूको माध्यमबाट गीताज्ञानको मुरली श्रवण गराउँदै आउनुभएको छ । गहनतापूर्वक मनन गर्दा हामी यो निष्कर्षमा पुग्छौं कि वर्तमान कलियुग र सत्ययुगको सन्धिकाल पुरुषोत्तम संगम युगमा गीताका भगवान् शिव परमात्माले ईश्वरीय ज्ञान र योगको शिक्षा दिइरहनुभएको छ र हामीलाई पवित्र तथा योगयुक्त बनाइरहनुभएको छ । वर्तमान विश्वकल्याणकारी पुरुषोत्तम संगम युगमा सम्पूर्ण पवित्र र योगयुक्त बनेर सुख शान्तिको पैतृक जन्मसिद्ध अधिकार हामीले प्राप्त गरौं । यही प्रजापिता ब्रह्माबाबाको निर्देश रहेको छ ।

प्रजापिता ब्रह्मा बाबाले मुरली श्रवण गराएर गीताज्ञान र योगको शिक्षा दिनुभएको हो । यहाँ मुरली भनेको परमात्माको महावाक्य हो । मोटामोटी रूपमा कृष्णले वृन्दावनमा गोप गोपीहरूलाई मोहित तुल्याउन फुकेर बजाइने बाँसको वाद्ययन्त्रलाई मुरली भनिन्छ । अहिले पनि यसरी फुकेर बजाइने मुरलीहरू मेला-पर्वमा देखिएका छन् । गीतामा सङ्गीत दिन पनि मुरलीवा बाँसुरीको प्रयोग हुने गरेको छ । त्यही मुरली र ईश्वरीय महावाक्य बीच के समानता छ ? किन ईश्वरीय महावाक्यलाई

मुरली भनियो ? यसबारे गहनतापूर्वक विश्लेषण गर्नु वाञ्छनीय छ ।

श्रीमद्भागवत महापुराणमा मुरलीको विशेष महिमा गरिएको छ । मुरली श्रवणका लागि गोप-गोपिनीहरू घर परिवारको काम समेत छाडेर हतार हतार नाङ्गै पाउ दौडन्थे । लोकलाज र कुलमर्यादालाई पनि खास गरी गोपिनीहरूले वास्ता गरेनन् । अनेक अवगाल र अपमान् सहेर पनि उनीहरू बाल कृष्णले बजाएको मुरलीको धुन सुन्न सामेल हुन्थे । गोपहरूले रोक्दा केही गोपिनीहरूले बरु प्राण त्याग गरे तर ईश्वरीय संलग्नता त्याग्न सकेनन् मुरली सुनेर गोपिनीहरूलाई अतीन्द्रिय आनन्द हुन्थ्यो र आनन्दमग्न भएर रासलीला गर्थे ।

यहाँ प्रश्न उठ्छ – के बाँसको मुरली सुनेर गोप-गोपिनीहरू आनन्दविभोर हुन्छन् ? अवश्य, सङ्गीत कर्णप्रिय हुन्छ । तर कानको माध्यमले उनीहरूलाई इन्द्रियसुख प्राप्त हुन्छ । यसलाई अतीन्द्रिय सुख भन्न मिल्दैन । के गीताको भगवान्ले इन्द्रियसुख दिनका लागि अवतरित हुनुभएको हो ? उहाँको अवतरण त अधर्मको विनाश र सत् धर्मको स्थापनाको लागि हो । त्यसैले शिव परमात्माको मुरली अर्थ बाँसको मुरली नभएर मुरलीको कर्णप्रियताले सङ्गीतमय इन्द्रियसुख दिए जस्तै तर त्यो भन्दा पनि पर अतीन्द्रिय सुख (सत्-चित्-आनन्दमय शाश्वत आत्मिक शान्ति) प्रदान गर्ने ज्ञानमुरली हो, ईश्वरीय महावाक्य हो । यस तथ्यलाई स्पष्ट रुपमा यसरी भन्न सकिन्छ ।

“यथार्थ के हो भने भगवान्ले अवतरित भएर जुन गीताज्ञान सुनाउनुभएको छ त्यो निकै भधुर, मर्मस्पर्शी, मन-मोहक, मनका विकार नाश गरिदिने, चित्तमा शान्ति र शीतलता प्रदान गर्ने प्रकृतिको रह्यो । त्यस कारण उक्त रसमय ज्ञानको उपमा मुरलीको स्वर सँग गरियो ।”

लौकिक मुरलीको कुनै आफ्नो व्यक्तित्व हुँदैन, पूरै खोक्रो र खाली हुन्छ । बनाउनेले मुरलीबाट जस्तो आवाज चाह्यो त्यस्तै आवाज निस्कन्छ । कर्णप्रिय ध्वनि पनि पैदा हुन्छ, कर्ण कटु पनि । मुरलीको आफ्नो ध्वनि हुन्न । त्यो पूरै खाली र अहंशून्य हुन्छ । यसै गरी जसले आफ्नो ‘अहम्’ समाप्त गरेर पूर्ण निरहंकारी बन्न पुगेको हुन्छ त्यस्तो व्यक्ति शिव बाबाको मुरलीधर बन्न पुग्छ । उसका मुखबाट ईश्वरीय महावाक्य निःसृत हुन्छन् । प्रजापिता ब्रह्माले स्वयंलाई परमपिता शिव परमात्मा प्रति पूर्ण रूपले समर्पित गर्नुभयो । ब्रह्मा बाबाले आफ्नो मनमतलाई समाप्त गरेर पूरै नै श्रीमतमा परमात्माको मतमा चल्न थाल्नुभयो । मनको मात्र होइन तनको दान पनि उहाँले परमात्माका लागि दिनुभयो । ब्रह्माबाबाले आफ्नो शरीररुपी रथको सारथी परमात्मालाई बनाउनुभयो । बुद्धिको लगाम परमात्मामै सुम्पनुभयो । ‘श्रीमत’ मा ब्रह्माबाबाले कहिल्यै पनि के, किन, कसरी भन्ने प्रश्न गर्नुभएन । यज्ञमाता जगदम्बा श्री सरस्वतीले पनि उहाँकै अनुसरण गरेर श्रीमतको अनुकूल आचरणलाई पूर्णतामा पुर्‍याउनुभएको थियो । यस कारण प्रजापिता ब्रह्माका मुखबाट निः सृत ईश्वरीय महावाक्यको नाम ‘मुरली’ भन्न थालियो । यी दुवैको ज्ञान मुरली सुन्न

गोप-गोपिनीहरू सम्पूर्ण ब्रह्मावत्स आत्माहरू निकै लालायित हुन्छन् ।

प्रजापिता ब्रह्माबाबाको स्मृतिदिवस त्यसै पनि 'फलो फादर' को प्रेरणा प्रदान गर्ने दिन हो । यस अवसरलाई लिएर ब्रह्माबाबाका बारेमा उहाँकै स्मृतिमा केही शब्द राख्ने चुलबुल गरेको हुँ । उहाँको समर्पित व्यक्तित्व र सेवाभावको सानो अंशलाई मात्र यहाँ प्रस्तुत गरेको छु । यसै गरी 'मुरली' भनेको के हो ? किन ईश्वरीय महावाक्यलाई मुरली भनियो ? यसै जिज्ञासाबारे समाधान गर्ने पनि सानो प्रयास गरेको छु । यसले पाठक महानुभावमा केही जानकारी दिन सक्यो भने सन्तुष्टि मिल्ने अनुभव गरेको छु

सुरुदेखिनै गीताज्ञानको मुरली चलाएर प्रजावत्सहरूलाई कृतार्थ गराउने र भगवान्‌को यथार्थ परिचय दिएर मुक्ति र जीवनमुक्तिको मार्ग प्रशस्त गर्ने प्रजापिता ब्रह्माबाबा एक कल्पमा एक पल्ट मात्र आउने राजयोगी, तपस्वी राजऋषि हुनुहुन्छ । ज्योतिस्वरूप परमपिता शिव परमात्मा उहाँको तनमा संगमयुगमा मात्र अवतरित भएर ज्ञान र योगको निर्देश गर्नु हुन्छ । यस कारण पनि प्रजापितालाई निर्देश गर्नुहुन्छ । यस कारण पनि प्रजापिता ब्रह्मा बाबाको ईश्वरीय सेवा र योगदानलाई ब्रह्मावत्स आत्माहरू सदा याद गरिरहन्छन् । यिनै शब्दका साथ 'प्रजापिता ब्रह्मा बाबा र ज्ञान-मुरली प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

९ पेजको बाँकी अंश ...

विद्या अन्तर्गत अभ्यास गरिने स्वचिन्तन, प्रभुचिन्तन र कर्म सिद्धान्त प्रतिको चेतनाले मानिस कुनै पनि गलत कुराको प्रभावमा आएर त्यससँग सम्झौता (Compromise) गर्न सक्दैन । उसको आन्तरिक विवेकले कदाचित् उसलाई अशुद्ध अनर्गल विकर्म गर्ने पक्षमा छुट दिन सक्दैन बल्कि उसलाई सत्यनिष्ठ र अनुशासित बनाएर नै अगाडि बढ्न सघाएको हुन्छ ।

यस युगका सबै विज्ञ एवं विद्वान्‌जन एवं सबै पाठक बृन्दमा निवेदन छ  कि आन्तरिक मन, बुद्धि, संस्कार र चित्तको शुद्धीकरण र सशक्तीकरणका लागि आध्यात्मिक विद्याको ढोकामा छिर्नै पर्दछ । आफ्ना तमाम योग्यता र दक्षताका बीच सुनमा सुगन्ध भने झैं आध्यात्मिक ज्ञानको सुगन्ध जीवन रूपी दर्शनमा समावेश गर्नै पर्दछ । अनि मात्रै आफ्ना इन्द्रिय, कर्मेन्द्रियको निर्मलीकरण तथा आन्तरिक चित्तवृत्तिको शुद्धीकरणबाट बाह्य कर्म र व्यवहारमा दिव्यता, कुशलता ल्याउन सकिन्छ । तथा सबैलाई सुख र खुशी प्रदान गर्ने महान् कार्य गर्न सकिन्छ । सबैका लागि मेरो जीवन, मैले सबैलाई प्रेमपूर्वक र सम्मानपूर्वक मनसा, वाचा, कर्मणा सुख दिने र सघाउने गर्नुपर्दछ भन्ने सद्‌विवेकपूर्ण विद्वत्ता एवं विनम्रता जीवनको अभिन्न आदर्श बन्ने छ ।



स्वयम्‌मा गुण धारण गरेर अरूलाई गुणदान गर्ने आत्मा नै गुणमूर्त हो ।

# परहित नै सर्वश्रेष्ठ हित

ब्रह्माकुमार भगवान भाइ, माउण्ट आबू

दुनियाँमा परहित जस्तो अरू कुनै पनि हित छैन। हितको अर्थ भलाई सँग हुन्छ। परहित जस्तो ठूलो अरू धर्म छैन। यदि यो कुरा सबैको जीवनमा भएको भए यो धरती, धरती होइन स्वर्ग हुन्थ्यो। दुनियाँमा थुप्रै सेवा संस्थाहरू खोलेका छन्। कैयौं व्यक्तिहरू सेवा गर्ने व्रत लिन्छन्। जो लोकको सेवा गर्छन् उनीहरूलाई लोक सेवक भन्छन्। सेवा गरेको बदलामा ठूला-ठूला पुरस्कार राज्यबाट दिने गरिन्छ। लोकमा प्रख्यात भएका सेवकलाई राज्यले पनि प्रतिनिधित्व प्रदान गर्छ। राष्ट्रिय स्तरमा राष्ट्रपतिद्वारा पुरस्कार दिइन्छ। अंग्रेजको समयमा राय-बहादुर जस्ता पदवी दिइन्थ्यो। जब मान्छेहरू धेरै धन कमाउँछन् तब उनीहरू आफ्नो धन सामाजिक कार्यमा लगाउँछन् विमारीको सेवाको लागि अस्पताल शिक्षाको लागि स्कुल बनाउछन्। एक प्रकारको मिसन नै चल्छ। मठपन्थले पनि आफ्नै प्रकारको सेवा दिन्छ। महात्मा गान्धीले रामराज्यको कल्पना गर्दै अहिंसक आन्दोलन चलाए। सेवाको क्षेत्रमा मदर टेरेसाको कार्य सर्वोत्कृष्ट मानिन्छ। जसलाई नोबल पुस्कारबाट सम्मानित गरियो। यस्तै देश-विदेशमा कैयौं संस्थाहरू मानव सेवामा धन लगाउछन्। मैले पत्र-पत्रिकामा पढेको छु। ब्रिटिश राजकुमार पनि कैयौं विमारी प्रति सम्बेदनशील भएर सेवा गर्छन् र धन लगाउछन्। राज्य स्तरमा पनि सेवाका लागि अनेकौं विभाग खोलिएका छन्। जसमा कर्मचारीहरूलाई सेवाको निमित्त पारिश्रमिक दिइन्छ। सेठ, धनवान्, साहूकार र व्यवसायी आ-आफ्नो कमाइको अंश धार्मिक कार्यमा लगाउछन् जसबाट मन्दिर आदि बनाइन्छ। जस्तै विडला मन्दिर। पानी पिलाउनको लागि ताल-तलैया बनाइन्छ।

नदीले पानी पिउँदैन्, वृक्षले आफ्नो फल खाँदैन। परहितको लागि आफ्नो सबै लुटाउँछन्। जसले काँडा दिन्छ उसलाई फूल दिऔं। शिव बाबाले पनि हामीलाई यही सम्झाउनुभएको छ– अपकारीको पनि उपकार गर, परोपकारी बन, अरूको सेवाको निमित्त धन लगाऊ। हाम्रा बापदादाले पनि हामीलाई यही शिक्षा दिनुभएको छ – अज्ञानको निद्रामा सुतेका मनुष्यलाई जगाऊ, उसलाई ज्ञानको दान देऊ। ज्ञानको दानलाई सबैभन्दा ठूलो पुण्य मानिन्छ। अज्ञान अन्धकारमा भट्केकाहरूलाई बाटो बताऊ। यही समयको पुकार हो। अब सुत्ने समय रहेन। समयको चकलाई चिनौं। समयको गति तेज छ। दुनियाँमा हरेक चीज नयाँबाट पुरानो हुन्छ। सृष्टि चक पनि नयाँबाट पुरानो हुन्छ। समयको चक सेकेण्ड प्रतिसेकेण्ड चल्दै रहन्छ परमपिता परमात्माले समयको चकलाई जुम्रा जस्तै चल्छ भन्नुभएको छ। यस सृष्टि चकलाई पुनः नवीन स्वरूप दिनु छ। अर्थात् पवित्र हुनुपर्छ। यस सृष्टिलाई पवित्र बनाउनको लागि सर्व आत्माहरूका पिता पतित-पावन शिवबाबा नै आउनुपर्छ। भन्छन् पनि हामी मध्ये कोही गान्धी होलान्, हामी मध्ये कोही गौतम। देवी-देवता

पनि हामी मध्ये कोही बन्छन् । ती व्यक्ति जसमा दिव्य शक्ति छ तिनीहरू नै देवता हुन् । देवता आकाशबाट तल झर्दैनन्, यही बन्छन् । जसरी चलचित्रमा देखाइन्छ । गुरुनानकले भनेका छन् मनुष्यलाई देवता बन्नमा कुनै समय लाग्दैन । नरबाट नारायण र नारीबाट लक्ष्मी बन्छन् । तर कसले बनाउँछ ? जो सर्वशक्तिमान् पतित-पावन छन् । जसको लागि भनिन्छ शिवाय नमः सर्व आत्माका पिता परमात्मा । नरबाट नारायण बनाउन स्वयम् परमात्मा शिव नै आउनुपर्छ । परमपिता सूक्ष्म हुनुहुन्छ । साकार तनमा उहाँको अवतरण सृष्टिको अन्त्यमा तब हुन्छ जब दिव्य शक्ति क्षय हुन्छ । आत्माहरूलाई सिढी उत्रिन ८४ जन्म अर्थात् ५००० वर्ष लाग्छ । बाबा भन्नुहुन्छ आश्चर्यजनक कुरा छ । चढाइ चढ्न एक सेकेण्ड भने जस्तै हुन्छ । तब भनिन्छ चढती कला तेरे भाने सर्वका भला ।

विश्वमा कुनै यस्ता चीज छैनन् जसको कुनै नाम नहोस् न त यस्तो चीज छ जुन नयाँबाट पुरानो र पुरानो बाट नयाँ नहोस् । सृष्टिको लागि पनि यही कुरा लागु हुन्छ । सृष्टि नयाँबाट पुरानो र पुरानोबाट नयाँ हुन्छ । तर यस दुनियाँलाई नयाँ बनाउनका लागि स्वयम् रचनाकारले पुनः रचना रच्न आउनुपर्छ । यसैले गायन छ – जसको रचना यति सुन्दर त्यो रचनाकार कति सुन्दर होला ....... । सत्यं शिवं सुन्दरम् । मनुष्य आत्मा सृष्टिको अन्त्यमा अर्थात् पुरुषोत्तम संगम युगमा पढेर देवी-देवता बन्छन् । तिनै आत्मा जो सृष्टिको आदिमा देवता हुन्छन् । जो देवता प्रारब्ध भोग्दछन् । सृष्टिको अन्त्यमा बिस्तार-बिस्तारै तल आउछन् । देवताको लागि गायन छ, सर्व गुण सम्पन्न, १६ कला सम्पन्न । जो विश्वमा आधा कल्प पछि पुजिन्छन् । जो पूज्य थिए तिनै पुजारी बन्छन् । वाममार्गमा जान्छन् । देवताहरूको कलाबिहीन हुनु वा कम हुनु आधा कल्प पछि प्रारम्भ हुन्छ । तिनै देवता सतोप्रधान थिए । अहिले तमोप्रधान बनेका छन् । सतोगुण सम्पन्न थिए । यस सृष्टिका रचयिता परमपिता परमात्माका समान थिए । परमपिता परमात्मा शिव जो प्रेमका सागर, पवित्रताका सागर, ज्ञानका सागर हुनुहुन्छ, उहाँले आत्मालाई पुनः आफू समान बनाउनुहुन्छ ।

ड्रामाको बन्धनबाट भगवान् अलग हुनुहुन्न । अर्थात् ड्रामाको बन्धनमा हुनुहुन्छ । तर परमात्माले प्रत्येक युगमा आउनुपर्दैन । जब आत्मा ८४ जम्म भोग्दा-भोग्दा थकित हुन्छन् तब पिता परमात्मालाई पुनः सतोप्रधान बनाउन आउनुपर्छ । परमात्मा निराकार हुनाले उहाँले साकार शरीरको माध्यम लिनुपर्छ । ब्राह्मण पवित्र हुन्छन् । जसरी ब्रह्माका बच्चाहरू पवित्रताको गायन गर्छन् त्यस्तै पवित्र ब्राह्मण ब्रह्माकुमार-कुमारीहरू ज्ञान दिनको लागि प्रचलित हुन्छन् । आत्मज्ञान, उनीहरूलाई नै हुन्छ जसले ब्रह्माको सन्मुख बसेर आत्मज्ञान प्राप्त गरेको छ । आत्मालाई पवित्र त्यसैले बनाउन सक्छ जो स्वयं पवित्र छ । परमपिता परमात्मा जो ८४ जन्म लिनुहुन्न र निराकार हुनुहुन्छ । उहाँले ८४ जन्मको इतिहास जान्नुहुन्छ । आत्मा एकदम थाकेको हुनाले पुकार्छ । पतित-पावन आऊ । पतित-पावन भगवान् भोलानाथ हुनुहुन्छ थोरैमा पसन्न हुनुहुन्छ । उहाँ नै सृष्टिको अन्त्यको पनि अन्त्यमा आएर पतित आत्मालाई पावन बनाएर मुक्ति र जीवनमुक्ति दिनुहुन्छ ।

के परमपिता परमात्मा पतितबाट पावन बनाउन केही लिनुहुन्छ । यो बडो बुझ्नुपर्ने कुरा छ । विचार गरौं । जुन सेवा

गर्नेहरूको वर्णन पूर्णिमाको चन्द्रमा सँग गरिएको छ । उनीहरू त सेवाको बदलामा केही न केही लिन्छन् वा कुनै ठूलो रकम लिन्छन् । जो प्रतिनिधि सभामा छानेर आएका छन्, जसले सेवाको व्रत लिएका छन् तिनीहरू ठूलो रकम लिन्छन् । के परमपिता परमात्मा नरबाट नारायण नारीबाट लक्ष्मी बनाउनको लागि केही लिनुहुन्छ वा केही लिनुहुन्न ? उहाँले त धेरै कुरा दिएर जानुहुन्छ । सत्ययुगको वादशाही दिनुहुन्छ । ब्रह्माको तनलाई उधारो लिनुभयो त्यसैले उहाँलाई आदि देव ब्रह्मा बनाउनुभयो अर्थात् प्रजापिता ब्रह्मा । ब्रह्माको तनमा बसेर परमात्मा गीता ज्ञान दिएर समस्त सृष्टिलाई पावन बनाउनुहुन्छ। परमात्मा जस्तो निष्काम सेवाधारी विश्वमा कोही हुन सक्दैन । ब्रह्माको अथक सेवा जगत प्रसिद्ध छ । ब्रह्मा जस्तो विश्व सेवक कोही पनि हुन सक्दैन जो सारा विश्वलाई पावन बनाउन परमात्माका सहायक बन्छन् । यसै प्रकार निःस्वार्थ सेवा ब्रह्माकुमार, ब्रह्माकुमारीहरू पनि

बाँकी पेज ३२ पेज मा..

# सुन्दर स्वर्ग ल्याउँ ।

रामकाजी भाइ ,सिमरा

सकिन्न बिर्सन त्यो अलौको, अलौकिक पावन वनभोज
चल्यो खाँदा सबैको दिलमा ,आपसी स्नेहको मोज ।
देखिन्थ्यो ब्रह्माकुमारीहरूमा साक्षात् दुर्गा , शक्तिशाली पोज ।
बनी फरिस्ता थिए उडेका सबै , थिएन कसैलाई बोझ


विभिन्न जाति वर्ग र धर्म, सुन्दर एउटै गुलदस्ता बन्यो ।
शिव बाबाको बनेको पावन भोजन, रमाई - रमाई खायौ ।
अलौकिक माँ रबिना दिदीज्यूको, बर्दानी बचन पायौ ।
मिलेर सबैले परमात्मा प्रत्यक्ष गराउने , संकल्प दृढ लियौ ।

थियो आउँदै हप्ता दिन भित्रै ,एसियाकै ठूलो मेला गढीमाई ।
भयो तब खटिनु लिएर नव देवहरु , आदरणीय जितेन्द्र भाइ ।
बनाएर प्रतीक विसाल शिव लिङ्ग , पार्नुभो चकित सबैलाई ।
जागिरहे रातैभरि महान् दीपहरु , कर्तव्य पाण्डवको दर्शाई ।

चढाएर मैपनको बलि जसले महान बन्ने ,कर्म पुण्य गर्दछ ।
भगवान् वाचा दैविक राज्यको ,मालिकमा उही पर्दछ ।
उडिरहन्छ फरिस्ता बनेर , जीवनमा सदा खुशी भर्दछ ।
पशु बलि चढाउने आफ्नै कर्म फलबाट , आतिएर मर्दछ ।

संसारका सबै आदरणीय मित्रहरु ! परमात्मा यादमा भोजन बनाऔँ ।
विश्वका हरेक मानवले सात्विक, शक्तिप्रधान खाना खाऔँ ।
सर्व धर्महरु सधैका लागि एक भएर ,आपार खुसीयाली मनाऔँ ।
सर्व आत्माका पिता शिव श्रीमतमा बसी , सुन्दर स्वर्ग ल्याऔँ ।


विचार र अन्नको प्रभाव
राजाले एक महात्मालाई दरवारमा भोजन को लागि निमन्त्रणा दिए महात्माले पनि स्वीकार गरे ।
महात्माका लागि भोजन तयार गर्ने भान्छे बडो लोभी थियो ।
भान्छेको सामुन्ने झ्यालमा रानीको हार झुण्ड्याएको थियो । भान्छेलाई बार-बार हार चोर्ने विचार आउथ्यो ।
चोरीको विचार गर्दै भान्छेले तयार गरेको भोजन महात्माले ग्रहण गरे ।
रात्रिको भोजन पछि महात्मालाई पनि चोरीको विचार आयो र सामुन्नेको रानीको हारमा मन गयो ।
महात्माले विहान सबेरै रानीको हार चोरेर विदा लिई कुटी तिर लागे



दरबारमा हार हराएको हल्ली खल्ली मच्चियो । खोजा खोज भयो ।
रातको भोजनको प्रभाव सकिए पछि महात्मालाई पिरोल्न थाल्यो ।
म त्यागी तपस्वीको मनमा कसरी चोरीको विचार आयो ?
महात्माले राजालाई कुटीमा बोलाए अनि भान्छेलाई पनि बोलाउन लगाए । भान्छे पनि आयो ।
महात्माले भान्छेलाई सोध्यो -
भोजन कसरी बनायौ सत्य भन ।
मैले रानीको हार चोर्नु पर्छ भन्ने बिचार गर्दै भोजन पकाएको थिए ।
महात्माले भने -
हे राजन । चोरीको विचारबाट बनाएको भोजन खाएर हार चोरी गरे मलाई क्षमा गर्नु होस ।
जस्तो विचार त्यस्तै प्रभाव भोजनमा पर्छ अतः शुद्ध शुभ विचारमा सात्विक भोजन बनाउनाले र खानाले बुद्धि स्वच्छ बन्छ ।



# यसरी गरौं ईर्ष्याको उन्मूलन

बी.के. किशनदत्त, शान्तिवन, माउण्ट आबु

आध्यात्मिकता र जीवन मूल्य दुवैको अटुट सम्बन्ध छ । सुखद र सहज जीवनको लागि यी दुवै अति आवश्यक छन् । समयको क्रममा यी दुवै घट्दै जान्छन् । फलस्वरूप हामी जीवनको वास्तविकताबाट टाढा हुँदै जान्छौं । यदि हामीले रामायण र महाभारत ग्रन्थको अध्ययन गऱ्यौं भने के पाउँछौं भने रामायण र महाभारतका ऐतिहासिक प्रकरणमा आध्यात्मिकता र जीवन मूल्यको पतन दर्शाएको छ । यो पूरा प्रकरणको आधारभूमि हो । गलत परिप्रेक्ष्यमा भएको गलत दृष्टिकोण यसको परोक्षमा मूलतः ईर्ष्याको भाव नै दर्शाएको छ । ईर्ष्याको भावलाई हरायो भने यिनको पूरा स्वरूप नै बदलिन्छ ।

उपलब्ध इतिहासको अध्ययन गर्दा हामी पाउँछौ अधिकाँश स्थितिमा मात्र ईर्ष्या विकारले इतिहासलाई नकारात्मक रूप दिएको छ। घटना वर्तमानमा घट्छ र भविष्यको पिढीको लागि इतिहास बन्छ । यी घटनाहरू शत–प्रतिशत ठीक यसै प्रकारले जस्ताको त्यस्तै घटेको छ यो आवश्यक छैन । घटनालाई लिपिबद्ध गर्नको लागि रूपक वा छन्दको उपयोग गरिएको छ ताकि जनमानसलाई भावार्थ सहज रूपमा ग्राह्य हुन सकोस् व्यख्याकारका यी कृतिहरू प्रतिकात्मक छन् । यिनको हाम्रो अतीत सँग सम्बन्ध छ । समय चक्रवत छ । समयको क्रममा अतीत वर्तमान पनि बन्दछ । यसैले यसको सम्बन्ध हाम्रो वर्तमान जीवन सँग पनि छ यी ऐतिहासिक घटनाको परोक्षमा कथाकारहरूले जीवन मूल्यको मर्मलाई स्पष्ट गर्ने प्रयत्न गरेका छन् । समाजमा घटेका जीवन मूल्य र उसको दुष्परिणाम कसरी पुनर्स्थापित हुन्छ यसको पनि इशारा दिएको छ । मूल्यको अवधारणाको आवश्यकतामा बल दिएको छ ।

ईर्ष्या के हो ? ईर्ष्या किन पैदा हुन्छ ? ईर्ष्याको मनोवैज्ञानिक पहलु के हो ? ईर्ष्याको कार्य क्षेत्र कुन कुन हो ? ईर्ष्या कसरी दूर हुन सक्छ ? ईर्ष्या एक नकारात्मक भाव (विचार) हो । जस्तै यो यस्तो किन हुन्छ ? यस्तो भाव उत्पन्न हुनु । मैले यति धेरै गरेँ तर मलाई यति कम किन ? यसले त धेरै कम गऱ्यो यसलाई यति धेरै किन ? यसलाई म भन्दा धेरै किन मिल्यो ? यो सँग यो यो प्राप्ति धेरै किन ? यसको अर्थ हो अन्य कसैको पनि स्थूल जुन पनि प्राप्ति छ त्यस प्रति स्वीकार्य भाव नहुनु । त्यस्तै कसैको पनि कुनै प्रकारको पनि श्रेष्ठतम (उच्चत्तम) स्थिति देखेर खिन्नताको मनेदशा बन्नु नै ईर्ष्याको विकार पैदा हुनु हो । यस प्रकारको भावमा ईर्ष्याको अप्रकट अवस्था हुन्छ । यो हलुका रूपको ईर्ष्या हुन्छ ।

ईर्ष्या यस हलुका रूप भन्दा पनि अरू अगाडिको यात्रा गर्छ ।

**ईर्ष्याको दोस्रो प्रकट रूप** :– यदि म यस्तो छैन भने तिमीलाई पनि हुन दिदैन । ईर्ष्याको तेस्रो भारी रूप तिमीले त यस्तो बिल्कुल हुनु हुँदैन बरु म नै यस्तो हुनुपर्छ । दुवै प्रकारको प्राप्ति (चाहे स्थूल वा सूक्ष्म ) लाई देखेर मनुष्यमा

ईर्ष्या पैदा हुन्छ । तिमीले यति उन्नति किन गऱ्यौ ? मैले किन गरिनँ ? तिमी सँग यति किन छ ? म सँग किन छैन ? आदि आदि । ईर्ष्याको दोस्रो र तेस्रो रूपमा मनुष्य केवल भाव दोष सम्म मात्र सीमित रहँदैन बरु त्यो ईर्ष्या कर्ममा पनि आउन थाल्छ । यही ईर्ष्या जब तीव्र हुन्छ तब घृणा र क्रोधको रूपमा बदलेर कर्ममा आउँछ । जस्तै कसैलाई पछाडि खिच्नु (Leg pulling ) कसैलाई निच देखाउनु (Humiliate) वा कुनै अन्य प्रत्यक्ष रूपबाट हानि पुऱ्याउनु आदि आदि ।

**ईर्ष्याका विषाक्त प्रकम्पनको प्रभाव** :–मनुष्यका नकारात्मक मनोवेगबाट विषाक्त प्रकम्पन फैलिन्छ । सकारात्मक मनोवेगबाट अमृत तुल्य प्रकम्पन फैलिन्छ । जसरी क्रोध अग्नि समान हो त्यस्तै ईर्ष्या पनि अग्नि समान हुन्छ । ईर्ष्याबाट आन्तरिक र बाह्य दुवै प्रकारले विषाक्त प्रभाव पर्छ । ईर्ष्या गर्ने व्यक्ति स्वयम्को लागि र अरूका लागि राम्रो सोच्न सक्दैन । ईर्ष्यालु व्यक्तिको मनोजगतमा छिमेकीको उन्नति देखेर बेचैन हुन थाल्छ । सम्बन्धको मधुरतालाई ईर्ष्याले नष्ट गरिदिन्छ । ईष्यालु व्यक्तिको हदयको प्रेमपूर्ण भावना सुक्दछ । ईर्ष्यालु व्यक्ति कानाखुसी गरेर मीठो वचनबाट सम्बन्ध तोड्नमा विषको काम गर्छ । यो ईर्ष्या विकार नै हो जसबाट वशिभूत ईर्ष्यालु व्यक्ति अरूको क्षति कुनै पनि हालतमा गर्नको लागि उतारु हुन्छ । अरूको क्षति पनि स्वीकार गर्छ । ईर्ष्याले अनेक प्रकारबाट जीवनलाई निरर्थक निरस बनाइदिन्छ । ईर्ष्याबाट शारीरिक, मानसिक र आध्यात्मिक तीन प्रकारबाट अवनति नै हुन्छ ।

**ईर्ष्याको कारक तत्व** :–ईर्ष्याको मूल तत्व हो भित्रबाट खालीपन । यो खालीपन (Holioowness) को अर्थ हो आत्मिक उर्जाको अव्यबस्थित (Disorganised) हुनु । जसबाट आत्म विस्मृति हुन्छ । आत्म विस्मृतिबाट उब्जेको अज्ञान नै ईर्ष्याको कारक तत्व हो । भौतिक साधनको थुप्रो लागेको छ फेरि पनि व्यक्ति तिक्तताको महसुसता किन गरिरहेको छ ? कहिँ न कहिँ खालीपन छ ।

हीनताको ग्रन्थि पनि ईर्ष्याको पृष्ठभूमि हो । ईर्ष्याको मूलमा हीनता (Inferority complex) को नै भाव हुन्छ । अपूर्णता र अज्ञानताको स्थितिमा हीनताको भाव पैदा हुनु स्वाभाविक हो । तुलना र हीनताको भावको मूलमा विषयगत वा बस्तुगत अपूर्णता हुन्छ । निज स्वरूपको विस्मृतिमा जब तुलनात्मक भाव पैदा हुन्छ । तब स्वयं पनि हीन (Inferior) भाव पैदा हुन सक्छ । देश, काल, परिस्थिति अनुसार जहाँ नजिकपन हुन्छ त्यहाँ ईर्ष्या पैदा हुन्छ । जसरी पूर्वी नेपाल र पश्चिम नेपालमा रहने व्यक्ति बीच ईर्ष्या हुने सम्भावना कम हुन्छ । त्यस्तै एक प्राथमिक कक्षामा पढ्ने र अर्को स्नातकमा पढ्ने विद्यार्थी बीच पनि ईर्ष्या हुने सम्भावना कम हुन्छ ।

**ईर्ष्या उन्मूलन** (Eradication) **कसरी ?** :– ईर्ष्या उन्मूलनको लागि केही तथ्यमा विचार गरौं । जो आत्मा हामी भन्दा अनुभवी, ज्ञान, आयुमा श्रेष्ठ छन् तिनको आभार मानौं । यदि हाम्रो कसै सँग सम्बन्ध छ र स्व-उन्नति गरेर उस भन्दा अगाडि गएर ऊ सँग उपेक्षित भाव राख्यो भने ईर्ष्या पैदा हुन्छ । अगाडि बढ्नु त आफ्नो पुरुषार्थमा निर्भर गर्छ । यदि हामी उन्नतिमा एक अर्काका आभारी हुँदैनौ भने पनि ईर्ष्या पैदा हुन सक्छ ।

**मूल्याङ्कनको कसौटी** :– यस सृष्टिको उत्थान-पतनको नाटक यस्तै बनेको छ । पुनर्जन्मको प्रक्रियामा आत्माको उर्जा निरन्तर मन्द हुँदै

जान्छ । मनुष्य जानी-नजानी स्थूल-सूक्ष्म जुन पुरुषार्थ गर्छ ऊ जीवनको स्वाभाविक अनुभवको लागि गर्छ । आज विश्वमा अनेक परिस्थिति यस्तो निर्मित भइरहेको छ जसबाट ईर्ष्या पैदा हुने सम्भावना बढिरहेको छ । देश, काल, परिस्थिति अनुसार हाम्रो पारस्परिक मूल्याङ्कन मूल्यनिष्ठ होस् । हाम्रो व्यवहारमा जीवन मूल्य होस् ताकि कसैलाई पनि ईर्ष्याबाट बचाउन सकौं ।


**उपलब्धि र प्राप्तिलाई स्वीकार गरौं** :–उपलब्धि र प्राप्ति निरर्थक होइन । रचनात्मक माध्यमबाट प्राप्त जीवनको सकारात्मक उपलब्धि र प्राप्ति लाई सहर्ष स्वीकार गरौं । चाहे सानो होस् वा ठूलो । त्यो दैहिक, दैविक होस् वा भौतिक । त्यो आध्यात्मिक, बौद्धिक होस् वा भौतिक । स्वयंको होस् वा अन्यको । ती सबैलाई स्वीकार गरौं । स्वयंको उपलब्धि वा प्राप्तिका लागि ईश्वर वा सम्बन्धित व्यक्तिको आभार मानौं । अरूको उपलब्धि वा प्राप्तिमा पनि खुशीको अनुभव गरौं । उनको खुशीमा पनि उपस्थित होऔं । उनको प्रशंसा गरौं । उनको उपलब्धिको लागि हृदयबाट बधाई दिऔं ।

योगमार्गका पुरुषार्थीको आध्यात्मिक पुरुषार्थको लागि प्रतिस्पर्धाको भावना पनि उचित होइन । तर ज्ञान-योगको आध्यात्मिक पुरुषार्थमा तीव्रता ल्याउने भाव भयो भने ईर्ष्याको नकारात्मक भाव पैदा हुँदैन । पुरुषार्थको प्रक्रियामा कसैको श्रेष्ठता देखेर ईर्ष्या पैदा हुँदैन । व्यक्ति आफ्नो लक्ष्यमा केन्द्रित रहन्छ र आफूमा आत्म सन्तुष्ट अनुभव गर्छ । यो तब हुन्छ जब आत्मामा ज्ञानवान् र रचनात्मक गुण हुन्छ । विधिवत् पुरुषार्थ गर्ने व्यक्ति श्रेष्ठ मनुष्यको संख्या बढाउछ । तर ईर्ष्या गर्ने व्यक्तिले नकारात्मक व्यक्तिको संख्या बढाउछ ।

**विश्व नाटकको यथार्थ समझ स्मृतिमा राखौं** :–यो सृष्टिको नाटक अनादि अविनाशी छ । यो नाटक बनि-बनाई छ । यसको निश्चित अबधि छ । यो हुबहु पुनरावृत्त हुन्छ । यसमा सबैको आ-आफ्नो पार्ट निश्चित छ । यसमा तुलनाको कुरा छैन । सबैको आ-आफ्नो विशेषता छ । हामीले ईर्ष्या गरेर कसैको निश्चित पार्ट बदल्न सक्दैनौं । ईर्ष्यालु व्यक्ति व्यर्थैमा आफ्नो समय र शक्ति खर्च गर्छ । आ-आफ्नै अज्ञानता प्रकट गर्छ । आफ्नै हानि गर्छ ।

**आध्यात्मिक समझ बढाऔं** :–आत्माको अध्ययन आवश्यक छ । विभिन्नता यस संसारको सौन्दर्य हो । संसारमा तुलनात्मक दृष्टि हुनु एउटा कुरा हो । तुलनाबाट नकारात्मक रूपबाट प्रभावित हुनु अर्को कुरा हो । ती आत्मा जसमा आत्म विश्वासको शक्ति छ त्यसमा हीनताको ग्रन्थि पैदा हुन सक्दैन ।

**ईश्वरीय मिलनको आनन्द** :– वास्तवमा हामी आत्माको आदि-अनादि स्थिति माननीय र पूजनीयको हो । अब पुनः त्यस स्थितिलाई प्राप्त गर्ने समय आएको छ । सर्व गुण सम्पन्न हामी नै थियौं र हामी नै बनिरहेका छौं । ज्ञानवान् आत्माहरू अन्तर्मुखी वृत्तिका हुन्छन् । अन्तर्मुखी वृत्तिवालामा ईर्ष्याको भावना पैदा हुँदैन । योग अभ्यासमा ईश्वरीय मिलनको अनुभव गर्नाले हृदयमा सबैको लागि शुभ भावना शुभकामना पैदा हुन्छ । अन्तरको आकाशमा स्थित स्वयंलाई भरपूर गर्ने आत्मा ईर्ष्याबाट धेरै टाढा रहन्छन् । आन्तरिक वैभवका अनुभवी बन्नाले ईर्ष्याको उन्मूलन अवश्य हुन सक्छ ।



# विश्वशान्ति ! सम्भव छ ?

ब्रह्माकुमार सुदीप

यो सारा संसारका मुनष्यहरूको मनमा उब्जने यक्ष प्रश्न हो । अहिलेको घर, परिवार, समाज, राष्ट्र र विश्वमा शान्तिको कुरा गर्नु नै हास्यास्पद हुन जान्छ भन्नुमा दुई मत नहोला । किनकि शान्ति-शान्ति त सबैले भन्छन् तर शान्ति कुनचाहिँ दुर्लभ चराको नाम हो जो जति खोजे पनि भेट्न नै सकिदैन । वर्तमान समयमा एउटा सानो ४ जनाको परिवार भएको घरमा त शान्ति छैन भने विश्वशान्तिको कुरा गर्नु वास्तवमै कुनै एउटा सपना नै होला । जुन सपनाको दुनियाँमा नै सम्भव हुन सक्ला तर विपनाको दुनियाँमा होइन । तैपनि आश्चर्यजनक कुरा हरेक व्यक्ति शान्ति-शान्तिको रट लगाइरहेका छन् । के राजनेता, के धर्मनेता, के विज्ञान नेता सबै शान्ति कै प्रयत्नको कुरा गर्छन् र सबै नेता विश्वमा शान्ति ल्याउने नै कुरा गर्छन् ।

अर्को तर्फ शान्तिका लागि देश-देशले हतियारको थुप्रो लगाइरहेका छन् । देशमा बढीभन्दा बढी शक्तिशाली हतियार भयो वा अझ आणविक हतियार भयो भने झन् शान्तिको सम्भावना बढ्छ भन्छन् । त्यसैले अहिले विश्वमा हतियारको होडबाजी पनि जबरदस्त देखिन्छ । ऊ भन्दा म के कम ! उसलेभन्दा शक्तिशाली हतियार म निर्माण गर्छु त्यसपछि उसले कहिले पनि आक्रमण गर्ने आँट नै गर्नेछैन भनी ठूला-ठूला देशका नेताहरू कुर्लिन्छन् । तर बारुदको थुप्रो माथि घर कतिसम्म टिक्ला एकदिन अवश्य खरानी हुनेछ । तसर्थ यो शान्ति ल्याउने तरिका होइन बरु विनाश निम्त्याउने उपाय हो ।

त्यसोभए विश्वमा शान्ति के कोरा कल्पना मात्र हो त ! शान्तिको विचार पैदा हुनु मात्र पनि वा मनुष्यको मनमा चल्नु मात्रले पनि यो इंगित गर्छ कि कुनै समय हामीले सामूहिक रूपमा नै विश्व शान्तिको अनुभव गरेका थियौं । तब त त्यो हाम्रो अन्तस्करणको कुनै कुनामा लुकेको शान्तिले बार-बार हामीलाई घच्घचाइरहेको छ । तर विश्वमा शान्ति भन्न खोजेको मतलब के हो ? यसलाई कसरी व्याख्या गर्न सकिन्छ ?

विश्वशान्ति भन्नाले यस्तो विश्व जहाँ मानव-मानव बीच, मानव-प्रकृति बीच, मानव-जनावर बीच, जनावर-जनावर बीच समरसता, सामञ्जस्यता, सहृदयता, स्नेह, प्रेम, भाइचारा रहेको हुन्छ । यो स्नेह, प्रेम, भाइचारा, सम्मान स्वाभाविक र जन्मजात हुन्छ । त्यसकारण समाजमा कुनै पनि प्रकारको जाति-पाती, धर्म, रूप-रंगको नाममा विभाजन हुँदैन । त्यति मात्र होइन जहाँ कुनै पनि प्रकारको राष्ट्रिय, क्षेत्रीय, राजनैतिक विभाजन हुँदैन । जहाँ कुनै पनि प्रकारको जल, थल र नभचरमा विभाजन छैन । जहाँ विश्व एक परिवारको भावना हरेक मानवको मनमा स्वाभाविक रूपमा रहन्छ ।

यस्तो समाज शान्ति, प्रेम, सम्मानमा आधारित रहन्छ तसर्थ कुनै प्रकारको गुरु, शास्त्र वा मन्दिरहरूको त्यहाँ आवश्यकता नै रहँदैन । त्यो समाजमा त्यस्ता मनुष्यको बसोबास हुन्छ जो दिव्य गुणले सम्पन्न हुन्छन्, मर्यादा पुरुषोत्तम हुन्छन् । तिनीहरू बच्चा जस्तो मासुम हुन्छन् र पवित्र जीवनशैली जिउँछन् । त्यसैले त्यहाँ न कुनै लिखित संविधान हुन्छ, न कुनै नियम, कानून तथा विधान आदि हुन्छ । त्यसैले न्यायालय, प्रशासन, जेल आदिको पनि जरुरी पर्दैन र न त कुनै सैनिक, न कुनै पुलिसको आवश्यकता नै हुन्छ । त्यहाँ न कुनै मानसिक विकृति नै हुन्छ । न क्रोध, लोभ, मोह अहंकार र काम वासना नै हुन्छ । मानिस प्रकृतिको धेरै नजिक हुन्छ । प्राकृतिक नियम कानूनलाई स्वतः र स्वस्फूर्त नै अनुसरण गर्छन् । प्रकृति पनि सम्पूर्ण र पर्फेक्ट इनर्जी लेवलमा हुन्छ, सन्तुलनमा हुन्छ तसर्थ त्यहाँ न कुनै शारीरिक, न कुनै मानसिक रोग-व्याध नै हुन्छ । न त कुनै मानसिक तनाव, भय, चिन्ता, फिक्र आदि नै छ । त्यहाँ हरेक कुरामा कला देखिन्छ भने प्रकृति पर्फेक्ट भएको हुनाले फलफूल, सागपात आदि शक्तिवर्धक, स्वास्थ्यदायक, nutritious हुन्छन् । त्यसैले त्यहाँ अस्पताल, औषधी, डाक्टर आदिको जरुरत नै पर्दैन । मानिसलाई स्वाभाविक स्वास्थ्य, सम्पत्ति, खुशी प्राप्त छ । अहिंसा, अनासक्तता, नष्टोमोहा जीवनशैली हुन्छ । त्यहाँ राजा र प्रजा बीच बहुतै सौहार्द र पारिवारिक सम्बन्ध हुन्छ । भाषा एउटै, सरल, सहज र कुनै पनि प्रकारका नकारात्मक शब्द, दुःखदायी शब्दबाट रहित हुन्छ । ती शब्द शब्दकोशमा नै हुँदैन किनकि त्यसको अनुभूति नै कसैलाई त्यहाँ हुँदैन जसले गर्दा त्यसको प्रयोग, उपयोग गर्न परोस् ।


विश्वशान्ति भन्नुको अर्थ यस्तो मोडेल वा प्याराडाइमको समाज हो भनी बुझ्न सक्छौं । यो मोडेलमा मनुष्य दाग रहित छ, किनकि आत्मा सम्पूर्ण सतोप्रधान, पवित्र छ र कुनै पनि शारीरिक र नैतिक पतन छैन । आत्माले मस्तिष्कको सम्पूर्ण शक्तिलाई प्रयोग गर्दछ । तसर्थ समाज विज्ञानको दृष्टिकोणमा र आध्यात्मिक दृष्टिकोणमा अत्यन्तै विकसित र १०० प्रतिशतको अवस्था हुन्छ । कुनै पनि प्रकारको दुर्घटना भन्ने नै त्यहाँ हुँदैन । के यस्तो समाज वा विश्व सम्भव छ ? वा एउटा परिकल्पना ! वा एउटा भ्रम !

यो कल्पनाको कुरा बडो विचित्र छ । कल्पना, परिकल्पनाबाट नै यथार्थताको सृजना हुन पुग्छ । मानिसले गुडने कल्पना गर्‍यो र गाडीको आविष्कार हुन पुग्यो । त्यतिमात्र नपुगेर मानिसले उड्ने कल्पना गर्न थाल्यो र प्लेन, रकेटको आविष्कार गर्‍यो, मानिसले चन्द्रमामा जाने कल्पना गर्‍यो र चन्द्रमामा पुग्न सफल भयो । एउटा सानो घर बनाउने पनि मानिसको मनमा उठने कल्पना नै हो जो भविष्यमा साकार हुन जान्छ । तसर्थ यो खाली कल्पना हो भन्नु नै गलत हो जस्तो लाग्छ । एउटा मानवको मनमा उठेको चरा जस्तै उठने कल्पनाले अहिले विश्वव्यापी असर परेको छ भने सबै कल्पना कल्पना कै धरातलमा सीमित हुन्छ भन्ने तर्क पनि सायद गलत नै हो भन्ने पुष्टाई विश्व इतिहासलाई पढेमा स्पष्ट हुन्छ । हिजो हामीले science fiction भनेर पढेका कतिपय कल्पनाहरू आज वास्तवमा नै यथार्थतामा परिणत भएका छन् ।

तसर्थ कल्पनाले यथार्थतालाई बोकेर हिंडेको हुन्छ । बाँकी रहन्छ मानवको दृढता, अदम्य साहस, धैर्य, जुझारुपना, खोजी र निरन्तरता । यी सबै भएमा असम्भव पनि सम्भव हुन्छ भन्ने कुरामा त इतिहास साक्षी छ ।

अर्को पाटो भनेको यदि विश्वको सबै पुरातन सभ्यता, धर्म र संसारको हर कुनामा, हर संस्कृतिमा र चलनचल्तीमा रहेका मिथोलोजीलाई अध्ययन गर्ने हो भने सबैमा एउटा साझा समानता भेटिन्छ त्यो हो कुनै समय यो विश्व स्वर्ग थियो रे ! त्यहाँ बस्ने मानिसलाई स्वास्थ्य, सम्पत्ति र सुख प्राप्त थियो रे ! त्यहाँ सबै प्रकारका अर्थात् तनको, मनको, धनको, जनको सुख थियो रे ! त्यहाँ प्रकृति पनि सम्पूर्णतामा थियो र कहिले कुनै पनि प्रकारको दुःख, कष्ट मनुष्यलाई पुऱ्याउँदैनथ्यो रे ! त्यति मात्र कहाँ हो प्रकृतिले हर तवरले मनुष्यको सेवा गर्दथ्यो रे ! विश्वका हर कुनामा छरिएर रहेका हरेक धर्म, हरेक सभ्यता, हरेक संस्कृति, हरेक मानव वस्तीमा यदि यो मिथोलोजी प्रवल छ भने अवश्य पनि त्यसमा केही सत्यता छ भनी स्वीकार्नुपर्ने हुन्छ । नत्र त्यो मिथकको विश्वव्यापीकरण हुन नै सक्दैनथ्यो । तसर्थ त्यो स्वर्ग, हेभेन, वैकुण्ठ, प्याराडाईज, अल दरादो, उतोपिया, एटलान्टिस आदि जे नामले त्यो मिथक चले पनि त्यस्तो भव्य, अनौठो र सर्व प्राप्ति सम्पन्न संसारको कल्पना मानव सभ्यताको आदिदेखि नै अवेशष स्मृति (residual memory) का रूपमा मानव मनमा रहिरहनुले नै यो कुराको पुष्टि गर्छ कुनै समय त्यो वास्तविकता थियो । तब त वर्तमान समयमा पनि हामी त्यही वास्तविकतालाई यथार्थतामा परिणत गर्ने मेहनत गर्दै छौं । मानव मनको अन्तस्करणमा रहेको त्यो अवशेषले मानवलाई फेरि उत्प्रेरित, अभिप्रेरित गरिरहेको छ शान्तिको लागि, स्वर्गिक दुनियाँ वा स्वर्णिम दुनियाँको लागि ।

त्यति मात्र नभएर अझ गजबको कुरा स्वयम् सृष्टिका परिकल्पनाकार परमात्मा पिताले पनि वर्तमान समय यस साकार सृष्टिमा अवतरित भएर त्यही परिकल्पना फेरि हामी मानवसँग साट्दै हुनुहुन्छ । विश्व पिताको त्यो परिकल्पना आगो मुआफिक सल्किदै अहिले सारा विश्वमा फैलिरहेको छ । हिजो केही सीमित व्यक्तिलाई उसले साटेको त्यो सपना आज दशौं लाख व्यक्तिले देखिरहेका छन् र प्राक्टिकल्ली त्यो परिकल्पनालाई साकार बनाउन दत्तचित्त भएर, दृढतापूर्वक गुप्त रूपमा कार्य गरिरहेका छन् । चाँडै नै त्यो भागीरथ कार्य विश्व रंगमञ्चमा प्रत्यक्ष (अनफोल्ड) हुनेछ । अनि त्यो कल्पना, सपना सीमितताको धरातललाई नागेर बेहद विश्वको हुनेछ । सीमित व्यक्तिको नभएर विश्वबासीको सपना हुन पुग्नेछ । विश्वशान्तिको, सुखको, समृद्धिको, समानताको, स्नेहको, भाइचाराको, अहिंसाको, दिव्यताको, भव्यताको एक अलौकिक दुनियाँ फेरि रंगमंचमा साकार हुनेछ । त्यो विश्व शान्तिको दियो पाठकवृन्द यदि तपाईंको मनमा पनि जलेको छ भने आउनुहोस् त्यो परमज्योतिको यो महानतम कार्यमा होस्टेमा हैंस्टे गर्न, समाविष्ट हुन ।





# संगम युग रुहानी मौजको युग

हेम शर्मा पोखरेल, काठमाण्डौ

बाबाको ज्ञानमा आउने ताका वैदिक दर्शनमा वातावरणीय चासोका विषयमा केही अनुसन्धानमूलक कार्यमा संलग्न भएका बेला जर्मनीको ब्रेमेन विश्वविद्यालयका प्राध्यापक डा. गियर्ड विन्टरले कुनै इन्साइक्लोपेडियाबाट प्राप्त जानकारी अनुसार ब्रह्माका पाँच शिर रहेछन्, एउटा शिर अल्प समय मात्र कायम रहेछ र बाँकी चारवटा शिर सदा कायम रहेकाले ब्रह्माका चार शिर र समयको चौथो आयाम (fourth dimension of time) सँग के सम्बन्ध छ भनी प्रश्न सोधेका थिए । म विज्ञानको विद्यार्थी नभए पनि ब्रह्माकुमार जगदीश चन्द्र हसिजाजीको Spiritual Miscellany भन्ने पुस्तकबाट समयको चौथो आयामका विषयमा केही सामग्री संकलन गरी भूत, वर्तमान र भविष्यसँगै मानिसको मनको अवस्था अर्थात् विचार पनि चौथो आयाम हुने मत लेखेर पठाएको थिएँ । ब्रह्माको पाँचौं शिरको विषयमा पनि सत्य, त्रेता, द्वापर, कलि युगहरू सँगै संगमयुगका विषयमा पनि ब्रह्मा ज्ञाता भएकाले उनका पाँच शिर देखाइएको होला भनी उल्लेख गरिएको थियो । आज बाबाको ज्ञानमा रमण गर्न लागेको एक युग (१२ वर्षलाई एक युग भन्ने पनि गरिन्छ) भन्दा बढी समय पछि संगमयुगको महिमाका विषयमा घोत्लिन मन लागेकोले संगमयुगमा अनुभव गरिने प्राप्तिका विषयमा केही प्रसङ्ग कोट्याउने अनुमति चाहन्छु ।

सत्य गीता ज्ञान सहित बच्चाहरूले संगमयुगमा गरेको पुरुषार्थका आधारमा भाग्य निर्माण गरी २१ जन्मका लागि सुख, शान्ति र समृद्धि प्राप्त गरिन्छ । एक प्रसङ्गमा सत्य युगका ८, त्रेताका १२ का अतिरिक्त संगमको १ जन्म पनि २१ जन्म भित्रकै जन्म हो भन्ने आधारमा यस संगम युगमा पनि भौतिक सुख सुविधाबाट सम्पन्न जीवन बिताउनुपर्छ भन्ने एक आत्माबाट आशय व्यक्त भएको थियो । तर त्यसबेला संगमयुग भौतिक सम्पन्नता र भौतिक सुखको होइन रूहानी मौजको युग हो, अझ त्यसलाई स्पष्ट पार्दै संगमयुग वर्तमानमा आत्मा, परमात्मा र सृष्टिको आदि, मध्य, अन्त्यको ज्ञानबाट प्राप्त हुने सन्तुष्टि र भविष्यमा प्राप्त गरिने सुख, शान्ति, पवित्रता, आनन्दबाट भरिपूर्ण जीवनको अनुभूतिबाट रमाउने समयावधि हो भन्ने अभिव्यक्ति अर्को कोणबाट आएको थियो । अहिले यस आलेखमा त्यही विषयमा संक्षिप्त चर्चा गर्ने जमर्को गरिएको छ ।

हुन त बाबाले २१ जन्मको अविनाशी सुखलाई मात्र सुख र शान्तिको रूपमा चित्रित गर्नु भएको छ । तर पनि वास्तवमा भन्ने हो भने अहिले संगमयुगमा गरिएको पुरुषार्थले २१ जन्म मात्र होइन बाँकी ६३ जन्मका लागि पनि भाग्य निर्माणको आधार तयार गर्दछ । बाबाले द्वापर र कलियुगमा मानिसको अवस्था रजो, रजोप्रधान, तमो र तमोप्रधान बनेको बेला प्राप्त हुने विनाशी वा अल्पकालको सुखलाई वास्तविक सुखका रूपमा नलिनुभएको हुनाले २१ जन्म प्राप्त गरिने अखण्ड सुखको मात्र प्रसङ्ग उल्लेख

गर्नुभएको हो । तसर्थ यो संगमयुग भनेको संगमयुग, सत्ययुग र त्रेतायुगमा २१ जन्म सम्म प्राप्त गरिने सुख शान्तिका अतिरिक्त कल्पको बाँकी अवधिको भाग्य निर्माणको अवसर भएकाले मानव जीवनमा यस युगको प्रभाव दूरगामी रूपमा पर्ने देखिन्छ ।

वर्तमानमा परमात्मालाई चिनेर परमात्माबाट प्राप्त श्रीमतका आधारमा पुरुषार्थ गर्नेहरूका लागि यो समयावधि संगमयुग हो । संगम युग भनेको आत्माले सत्य गीता ज्ञान प्राप्त गरी त्रिनेत्री, त्रिकालदर्शी तथा त्रिलोकिनाथ बन्ने युग पनि हो । तर सत्य र त्रेता युग भनेका भौतिक सुख सुविधाका अतिरिक्त आत्माले अहिले संगमयुगमा प्राप्त गरेको अविनाशी गीता ज्ञानको स्वरूप बनी दैवी गुण तथा सम्पूर्ण सम्पन्न देवी–देवताको जीवन प्राप्त गरी अकूत सुख शान्ति र आनन्द प्राप्त गर्ने युग हुन् ।

अनि संगमयुगमा प्राप्त गरिने सुख कस्तो सुख हो त ? ६३ जन्म सम्म आत्माले स्वयम् आफू, आफु आत्माका पिता परमात्मा र यस सृष्टिचक्रको सत्य ज्ञान नै बिर्सिएको र देहलाई नै आफू सम्झेर विकारी तथा तमोप्रधान बनेको हुनाले दुःखी र अशान्त बनेको हुन्छ। हो, भनिन्छ संगमयुग रूहानी मौजमा रहने युग हो ।

संगमयुगमा स्वयम् परमपिता परमात्मा शिव बाबाले ब्रह्मा तनमा प्रवेश गरेर आत्मा, परमात्मा र सृष्टिचक्रको यथार्थ ज्ञान दिनुभएको छ। हामी देह नभई रूह अर्थात् आत्मा हौं भन्ने सबैभन्दा गहन र अमूल्य ज्ञान शिवबाबाले दिनुभएको छ । सबै आत्माका पिता परमपिता परमात्मा हुनुहुन्छ। त्यसोभएपछि सबै आत्माहरू शिवबाबाका बच्चा अर्थात् भाइ–भाइ हुन् । आत्मा भाइ–भाइ भए पछि हामीले देह नदेखी सबैलाई आत्मा देख्ने ज्ञानले मानिस मानिसमा विद्यमान लिङ्ग, जात, धर्म, सम्प्रदाय, वर्ण, देश, काल जनित विभेद सबै समाप्त हुन्छन् । उता आत्माहरूका पिता पनि परम रूह अर्थात् परम आत्मा हुनुहुन्छ । अतः यस युगमा नै आत्माले सर्वश्रेष्ठ ज्ञान प्राप्त गर्ने र यसै ज्ञानका आधारमा गरिने योग, धारणा र सेवाका आधारमा उसको २१ जन्मको प्रारब्ध निर्धारण हुने भएकाले यस युगको महत्व रहेको हो । भनिन्छ संगमयुगको पल-पलको धेरै महत्व हुन्छ र यस समयको सेकेण्ड सेकेण्डको महत्वलाई बुझ्र्रेर समय व्यर्थ जान नदिन सदा अविचल रूपमा बाबा र प्राप्तिको यादमा रहेर विकर्म विनाश गर्न बाबाले उत्प्रेरित गरिरहनुहुन्छ ।

भौतिक सुख सुविधा भनेका विनाशी चिज हुन् । ती अस्थायी हुन् । आत्मा अविनाशी हो, परमात्मा अविनाशी हुनुहुन्छ, यो सृष्टिचक्र अविनाशी अनादि हो । बाबाले यस संगमयुगमा हामीलाई दिएको पहिलो पाठ भनेको हामी देह नभई रूह अर्थात् आत्मा हौं । यस आत्माको ज्ञान पश्चात् हामी आत्माको स्वभाव अर्थात् हामी आत्माको स्वधर्म पवित्रता, प्रेम, शान्ति, सुख, ज्ञान, आनन्द र शक्ति हो भन्ने शिवबाबाले ब्रह्मामुखबाट दिनु भएको ज्ञान हामीले जान्यौं । यसै ज्ञानले हाम्रा सबै मार्गहरू खुला भएका छन्, यावत् समस्याहरूका समाधानको मार्ग प्रशस्त भएको छ, मनुष्य आत्माका ६३ जन्म सम्मका खोजीहरू समाप्त भएका छन् ।

आज यस सृष्टिमा सबै आत्माहरू परमात्माको खोजीबाट सुख शान्तिको प्राप्तिका लागि प्रयासरत छन् । विभिन्न धर्म, संस्कृति, सभ्यताहरू परमात्माको खोजी वा सुख शान्तिको खोजीमा लागि नै रहेका छन् । हामी संगमयुगी ब्रह्मामुखवंशावली ब्राह्मणहरूले

स्वयम् परमपिता परमात्माबाट उहाँको परिचय र पालना प्राप्त गरिरहेका छौं । हामी आत्माका पिता प्यारा शिव बाबासँग रूहरिहान, मिलन, सहकार्य, सर्व सम्बन्ध कायम गर्दै आफ्नो भविष्य निर्माण मात्रै होइन वर्तमानमा पनि रमाइरहेका छौं । यो भन्दा श्रेष्ठ सौभाग्य र अवसर कुनै पनि हुन सक्दैन जुन अवसर कल्पमा एक पटक संगमयुगमा मात्र प्राप्त हुन्छ ।

हो, यो युग भनेको हामी आत्माहरू आत्मिक आनन्दमा रमाउने युग हो । अमृतवेला व्यूंझने वित्तिकै देह र देहको सम्बन्धलाई भुली आफ्नो ज्योतिर्विन्दु स्वरूपको अनुभूति सहित आफू अर्थात् रूहले आफ्ना पिता अर्थात् निराकारी, निरहंकारी, निर्विकारी परम आत्मा वा परम रूहसँग मिलन मनाउने, आत्मा र परम आत्माले रूहरिहान अर्थात् आत्म विश्लेषण र विश्वकल्याण्का विविध विषयमा वार्तालाप गर्ने, दिनभरी पलपलका लागि प्राप्त श्रीमतका आधारमा आफ्ना पाइला-पाइला सञ्चालन गर्ने, आफ्नो स्थिति श्रेष्ठ अर्थात् दैवी गुणले युक्त सम्पन्न सम्पूर्ण बनाई विश्व कल्याणका लागि आफ्नो जीवनलाई समर्पण गर्ने, आफ्ना कमी कम्जोरीहरू समाप्त गरी स्वयम् तमोप्रधान अवस्थाबाट सतोप्रधान अवस्थामा पुग्ने, पतित बाट पावन बन्ने, मनुष्यबाट देवता बन्ने पुरूषार्थ गर्ने तथा यी र यस्ता कैयौं प्राप्तिका लागि सदा आफू आत्मा हुँ भन्ने भानमा रहने र स्वयम् परमपिता परमात्मासँगको अद्भुत मिलनबाट प्राप्त आनन्द र मौजमा सदा रमाइरहने युग भएकाले संगमयुगलाई रुहानी मौजमा रमाउने युग भनिएको हो ।

यस परिप्रेक्ष्यमा संगमयुगको समयलाई कसरी उपयोग गर्ने ? अहिलेको यक्ष प्रश्न यही हो । पवित्र जीवन शैली, रूहानियत भरी दृष्टि, वृत्ति, कृत्ति, वीजरूपबाट विश्वका सर्व आत्माहरूको सेवा, स्व–परिवर्तनबाट विश्व परिवर्तनका लागि योगदान, मोहजित बनी देह र देहका सबै सम्बन्धलाई विर्सिएर सर्व सम्बन्ध एक परमात्मासँग स्थापित गर्ने, काम, क्रोध, लोभ, मोह, अहंकार जस्ता विकारको अंशवंशको पनि त्याग गरी लगाव झुकाव रहित जीवन विताउने, जीवनमा आइपर्ने समस्या र विघ्नलाई स्वागत गरी आफ्नो अवस्था शक्तिशाली बनाउने अवसरका रूपमा अङ्गीगार गर्दै संगमयुगको भरपूर उपयोग गरी जीवनलाई सुखमय बनाउन प्रयासरत रहनु नै संगमयुगको सही उपयोग हो ।

यो यस्तो युग हो जसमा स्वयम् भगवान्ले आफ्ना भाग्यवान् बच्चाहरूको भाग्य निर्माणको मार्ग सिकाउनुहुन्छ र भाग्यवान् बच्चाहरूको भाग्यको महिमा गर्नुहुन्छ । यही संगमयुग हो जसमा आत्माले कल्प भरिका लागि अत्यन्तै श्रेष्ठ भाग्य निर्माण गर्दछ र त्यही सुखमय जीवनको अनुभूतिमा आनन्दमा रमाउँछ । हामी आत्माहरूलाई न रचयिताका बारेमा थाहा थियो, न रचनाका विषयमा । अझ हाम्रा आशाका धरोहर ऋषिमुनिहरूले त नेति नेति भनेर हामीलाई निराश पारिदिएका थिए । धन्य प्यारा शिवबाबा जसले हामीलाई हामी आत्मा, स्वयम् परमात्मा र सृष्टिको आदि, मध्य, अन्त्यका विषयमा ज्ञान दिएर हामीलाई उन्नत मार्गमा अग्रसर गराइदिनु भयो । हामीले गर्व साथ भन्दछौं, हामी यस संसारमा सर्व आत्माहरूले खोजिरहेका सृष्टिका नियन्ता भगवान् परमापिता परमात्माका अलौकिक बच्चाहरू हौं । त्यस्ता पिताको प्रत्यक्ष प्यार र पालनामा पालिएका हामी पद्मापदम सौभाग्यशाली आत्मा हौं ।



अरूको विचारलाई कदर गर्नु नै आदर गर्नु हो ।

यस युगमा स्वयम् परमपिता परमात्मा आफ्नो वतन छोडेर हामी ईश्वरीय विद्यार्थीहरूलाई पढाउनका लागि शिक्षकका रूपमा आउनुहुन्छ । उहाँले केवल मन्मनाभव र मध्याजीभवको अत्यन्तै सरल र सहज पढाइ पढाउनुहुन्छ । आज संसारमा आत्माहरू के गरुँ, कसरी चलुँ, गरुँ, नगरुँ आदि प्रश्नमा रुमल्लिएको बेला यावत् प्रश्नहरूको जवाफमा निराकारी स्थितिमा अशरीरी बन्न शिवबाबालाई र साकारी कर्म गर्न ब्रह्मा बाबालाई अनुसरण गर्ने फलो फादरको सरल जवाफ लिएर आउनुभएको छ । प्यारा बाबाको प्यार अत्यन्तै विशाल र महान् छ । उहाँ परमपिता परमात्माले हामी बच्चाहरूको उन्नती प्रगति मात्र देख्न चाहनुहुन्छ र हामी बच्चाहरूको सुख सुविधा मात्र हेर्न चाहनुहुन्छ ।

एक राजयोगीका अनुसार मूलतः देह भानबाट आत्म-अभिमानमा आएर विकारहरू माथि विजय प्राप्त गर्न सक्नु संसारमा प्राप्त हुने कुनै पनि प्राप्ति भन्दा महान् उपलब्धि हो । देही–अभिमानी आत्मा आफ्नो सुख र शान्तिका लागि अरू व्यक्ति वा परिस्थिति प्रति निर्भर नभई स्वयम्मा अन्तरनिहित शान्ति र सुखलाई अनुभूत गर्न सक्षम हुन्छ जसबाट आत्माले अझ स्थायित्व, शक्ति र सुखको अनुभव गर्दछ । सुखमय संसारको सिर्जना गर्ने कार्यमा परमात्माको सहयोगी बन्न पाउनु सारा कल्पमा संगममा मात्र प्राप्त हुने अत्यन्तै महान् तथा सौभाग्यशाली अवसर हो । यो प्राप्तिको तुलना कुनै लौकिक प्राप्तिसँग हुनै सक्दैन । मानिसका रूपमा आफूभित्र कैयौं कमीकम्जोरीहरू भएपनि सदा आफूलाई सहयोग गर्न स्वयम् परमपिता परमात्माको साथ पाउनु संगमयुगको अतुलनीय प्राप्ति हो । संगमयुगमा प्रत्यक्ष अनुभव गरिने पवित्रता यस्तो वरदान हो जसले गर्दा आत्मा सर्व प्राप्तिबाट मालामाल हुन्छ, जीवन धन्य धन्य बन्दछ ।

संगमयुगमा हामी बाबाका बच्चाहरूलाई लौकिक मित्र सम्बन्धी तथा अलौकिक परिवार बाट आउने परीक्षाहरू, ग्लानि, अपमान आदि व्यवहारले आफुलाई अझ परिपक्व हुन मदत गरिरहेको हुन्छ । भनिन्छ सुन्दर मूर्ति बनाउन कालिगढले छानिएको पत्थरलाई हजारौं पटक हथौडाबाट हान्नु पर्छ र छिनोले काट्नु पर्ने हुन्छ । त्यस्तै हाम्रो जीवनमा पनि यो संगम युग त्यस्तै हथौडा र छिनोको चोट बाट आफ्नो सुन्दर भविष्य निर्माण गर्ने अवसर हो । आफुलाई परी आउने समस्याहरू हामीलाई अझ शक्तिशाली र क्षमतावान बनाउने अवसर हुन् र त्यो अवसर यसै संगमयुगमा मिल्दछ । यस सन्दर्भमा बरिष्ठ भ्राता रमेशजीको हामी बच्चाहरू भोलि सत्ययुगमा गएर मन्त्री वा सल्लाहकार विना स्वयम् राज्य सञ्चालन गर्न सक्षम हुनुपर्ने भएकाले आफुभित्र सबै कार्य गर्न सक्ने बहुमुखी कौशल विकास गरी Master in Devine Administration को उपाधि लिनुपर्दछ भन्ने भनाइ त्यत्तिकै सान्दर्भिक देखिन्छ ।

वास्तवमा संगमयुग भनेको यस सृष्टिका नियन्ता, सर्वशक्तिमान्, सर्वगुणका स्रोत, सदा पवित्र, ज्ञानका सागर, आनन्दका सागर परमपिता परमात्माबाट आफू आत्माका पिता मात्रै होइन शिक्षक र सद्गुरुका रूपमा समेत प्रत्यक्ष पालना लिएर आफ्नो सुखद भविष्य निर्माण गर्ने तथा मन र बुद्धिद्वारा सुखमय संसारको प्राप्तिको नशामा लवलिन भएर रहने सुखद अवसर हो । निराकार आत्माले निराकार परमात्मासँग प्रत्यक्ष मिलन मनाउने

बाँकी अंश ३० पेज मा...

# अनुभूति

टीकाराम अर्याल, नयाँ बानेश्वर

**श्री भगवानुवाच : बुद्धियोगमुपाश्रित्य मच्चित्तो सततं भव ।**
**मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यति ।। गीता**

परमपिता परमात्माले श्रीमद्‌भगवद् गीताको माध्यमबाट हामीलाई निष्काम कर्म गरेर कर्म बन्धनबाट मुक्त, मुक्ति, जीवनमुक्तिको अवस्थामा पुग्ने उपाय बताउनुहुन्छ र भन्नु हुन्छ "तिमीले जे कर्म गर्छौ त्यसमा ममत्व नराखिकन निमित्त भावमा साक्षी द्रष्टा भावले गर । त्यसमा म र मेरो भन्ने भाव नराख" "निमित्त मात्र भव सव्यसाचिन्" त्यसैले यहाँ भन्नु भयो । बुद्धियोगको सहारा लिएर निरन्तर रूपमा चित्तवृत्तिलाई अन्त भटकिन नदिईकन ममा नै केन्द्रित गर यति गरि सकेपछि तिमी सारा विघ्नबाधा कष्टहरूबाट मुक्त हुनेछौ र तिमी वेफिक्र बादशाह बन्नेछौ । किनकि यस संसारलाई भवाटवी, भवसागर आदि अनेक नामबाट  पुकारिन्छ । संसाररूपी जंगलबाट किनारा लाग्न पनि गाह्रो छ र संसाररूपी सागरबाट पार पाउन पनि कठिन छ । त्यसैले बाबाले भन्नुभयो यदि तिमीलाई संसाररूपी सागरलाई सजिलैसित पार गरेर उसपार जहाँ मेरो शान्तिधाम, सुखधाम छ, त्यहाँ जानु छ भने तिमीले अन्त कतै नभटकिइकन "सर्वधर्मान् परित्यज्यमामेकं शरणं ब्रज" अर्थात् संसारका अन्य सबै बांगाटिंगा बाटा, गल्ली गल्छेडाहरूलाई छाडेर सहज राजयोगको मूलबाटो Highway समातेर "मामेकम्" याद गर । जसरी मीराले मेरा तो गिरिधर गोपाल दूसरा न कोई भनेर पार भएकी थिइन् । तिमी पनि त्यसैगरी अनन्य भावले मेरो त एक बाबा सिवाय दूसरा नकोई भनेर बाबा बाबा पुकारा गर्दै अघि बढ तिमी लक्ष्यमा पुग्नेछौ । संसारसागर सजिलै पार गर्नेछौं । संसाररूपी जंगलमा बाटो विराएर भटकिरहनु पर्नेछैन । तिम्रा सारा दुःख कष्टहरू मैले समाप्त गरिदिन्छु । यसरी बाबाले हामी संसारमा अल्झिइरहेका बच्चाहरूलाई यसबाट सजिलै मुक्ति हुने उपाय बताउनुहुन्छ । बाबा भन्नु हुन्छ **"मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय । निवशिष्यसि मय्येब अत ऊर्ध्वंन संशयः"** मन पनि ममा लगाऊ, बुद्धि पनि ममा नै लगाऊ, यति भएपछि तिमी ममा नै निवास गर्नेछौ । यस भन्दामाथि अरू केही पनि छैन । त्यसैले विशुद्ध बुद्धि बनाऊ बुद्धिमा बाहिरी तत्व सांसारिक विषय वासना घुस्न पाएनन् भने त्यो बुद्धि शुद्ध निर्मल हुन्छ र शुद्ध निर्मल बुद्धिले चञ्चल मनलाई डोऱ्याएर एकाग्र एकचित्त बनाएर बाबामा योग लगाउन मदत पुऱ्याउँछ । त्यसैले हाम्रो जीवनलाई सार्थक र फलदायी बनाउनका लागि सत्सङ्ग गर्नुपर्दछ । "सङ्गतारे कुसङ्ग बोरे" अर्थात् सत्सङ्ग सत्‌को संगले तार्दछ । कुसङ्गले डुबाउँछ । सत् के हो त सत् कहिल्यै नाश नहुने अविनाशी, अजन्मा, अभोक्ता परमात्मा हुन्, असत् नाशवान् संसार हो । परमात्मा नित्य अविनाशी, निर्विकारी । संसार अनित्य, नाशवान् विकारी दुनियाँबाट मनलाई हटाएर विशुद्ध बुद्धिको माध्यमबाट

परमात्मामा योग लगाउन भनियो । यसका लागि सहज राजयोग नै यस्तो विज्ञान सहितको ज्ञान हो, सबै विद्याहरूको राजा हो, अति पवित्र, अति उत्तम, प्रत्यक्ष फल दाता, साधना अभ्यास गर्नमा सहज र सरल अविनाशी ज्ञान हो, जसलाई आफैले प्रत्यक्ष अनुभव गर्न सकिन्छ र यसैबाट परमात्माको अनुभूति हुन्छ "राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्" यो कहिल्यै नाश नहुने सुखदाता हो । संसारका भौतिक पदार्थबाट प्राप्त हुने सुख क्षणिक काग विष्टा समान हुन्, त्यसैले ती सबैलाई छोडेर मन, चित्त, बुद्धि सबै परमात्मामा नै लगाउन भन्नुभयो भगवानले ।

अब लागौं भगवत् कृपाको अनुभूतितर्फ प्रजापिता ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय, राजस्थान माउण्ट आबूबाट गीताज्ञानकी प्रखर व्याख्याता ब्रह्माकुमारी उषा दिदी चितवनको नारायणगढ र मकवानपुरको हेटौंडामा ३-३ दिनसम्म सञ्चालन हुने तनाव व्यवस्थापन तथा आन्तरिक शक्ति अनुभूति विषयक दार्शनिक आध्यात्मिक प्रवचनका निम्ति स्रोत व्यक्तिको रूपमा २०७१ मंसीर १५ गते काठमाडौ आइपुग्नु भयो र भोलिपल्ट १६ गतेका दिन राजयोगिनी ब्रह्माकुमारी राजदिदीका साथमा चितवन आउनुभयो । चितवनको नारायणगढ आश्रममा उहाँहरूको भव्य स्वागत भयो ।

पवित्र नारायणी नदीको किनारमा निर्मित विशाल पण्डाल, पशुपतिनाथ मन्दिरको झलक दर्शाउने आकर्षक पेगोडा शैलीको प्रवेशद्वार, प्रवेशद्वारकै प्रांगणमा करिब १० फिट गोलाइ, ४० फिट जति उचाइ भएको अत्यन्त चित्ताकर्षक शिवलिङ्ग थियो जसले टाढैदेखि सबैको मन लोभ्याउदै आफूतिर आकर्षित गरिरहेको थियो त्यस परिसरमा मंसीर १७ गते विहान ५:०० बजे देखि नै चितवन, नवलपरासी, काठमाडौं, मकवानपुर, वीरगञ्ज, जनकपुर, धरान, विराटनगर समेतका ब्रह्मावत्स परिवारको आत्मिक मिलन भइरहेको थियो । विहान ६:०० बजेबाट यसै पण्डालमा मुरली क्लास र दिदीहरूको स्वागत कार्यक्रम शुरु भयो । नेपाल सरकारका कृषिमन्त्री मा.हरिप्रसाद पराजुलीको प्रमुख आतिथ्यमा ८:०० बजेबाट सुरु भएर १०:३० सम्ममा मञ्चको औपचारिक समुद्घाटन कार्यक्रम सुसम्पन्न भयो ।

विहान ११:०० बजेदेखि १:०० बजेसम्म र दिउँसो ३:०० बजेदेखि ५:०० बजेसम्म राजयोगद्वारा आन्तरिक शक्तिहरूको विकास, तनावको कारण एवं यसबाट स्वास्थ्यमा पर्ने प्रभाव, आन्तरिक शान्तिको अनुभूति, चिन्तारहित जीवनशैली, मनोबल एवं आन्तरिक शक्तिहरूको विकास आदि विषयहरूमा स्रोत व्यक्ति राजयोगिनी उषा दिदीबाट अत्यन्त प्रभावकारी दार्शनिक प्रवचनले श्रोताहरूलाई मन्त्रमुग्ध बनाइदियो । नारायणी नदी किनारमा निर्मित अत्यन्त आकर्षक आध्यात्मिक विशाल प्रवचनस्थल पण्डाल जहाँ चैतन्य देवीहरूको जीवन्त झाँकी राजयोगको झलक दिने आध्यात्मिक बाग बगैंचा थिए । त्यस्तो स्थलमा भित्र बाहिर समेत अटाई नअटाई आफ्नो उपस्थिति दर्शाएर दर्शकहरू एकातिर आध्यात्मिक प्रवचनबाट आन्तरिक शान्ति र आनन्दको अनुभूति गरिरहेका देखिन्थे भने अर्कोतर्फ प्रदर्शनस्थलको अवलोकनबाट नेत्रलाभ लिइरहेर रमाएका देखिन्थे ।

यसरी पहिलो दिनभन्दा दास्रो दिन, दास्रो दिन भन्दा तेस्रो दिन कार्यत्रमको लाभ लिन श्रद्धालु ज्ञान पिपासु नरनारीहरूको समूह नारायणी नदीको किनारमा उर्लेर आएको थियो र पूरा नारायणगढ बजार नै वृहत महोत्सवमय

बनेको थियो । यस्तो माहौलमा बाबाको यौटा गीतको बोल संस्मरण भयो - “वैसेतो जिन्दगीमे करनेको वहुत कुछ है, पलभर निकालिए प्रभुके ही नाम पर” हो साँच्ची नै व्यस्त चितवनको व्यस्त व्यापारिक नगरी नारायणगढ निवासी नरनारीहरूले आफ्नो व्यस्त समयको वावजूद पनि ३ दिनको समय पूर्ण रूपमा प्यारा बाबाले ज्ञानगंगामा गोता लगाएर मस्ती र आत्मिक आनन्दमा विताएको महशुस हुन्थ्यो ।

“जहाँ चाह त्यहाँ राह” भने जस्तै यो पंक्तिकार पनि लौकिक घरायसी काममा नवलपरासी गएको बेलामा ब्रह्माकुमारी लक्ष्मी दिदीबाट टेलिफोनमा आमन्त्रित हुने सुवर्ण अवसर पायो र दैवी परिवारको स्नेहमयी आत्मिक निमन्त्रणालाई स्वीकार गरेर नारायणगढमा आयोजित ३ दिने आध्यात्मिक महोत्सवमा भाग लिएर आत्मिक लाभ लिन नारायणगढ पुग्यो । त्यहाँ जे देख्यो जे पायो जस्तो अनुभूति गऱ्यो त्यसैलाई शब्द पुष्पहार बनाएर प्यारा बाबामा निमित्त भावले समर्पण गरेको मात्र हुँ “नमम” मेरो केही पनि होइन र छैन सबै उनै बाबाका हुन् । यस्तो सुवर्ण अवसर बाबाले जुटाइदिनु भयो। आफूमा दृढ इच्छा शक्ति र वेजोड संकल्प शक्ति भएमा असमर्थताको केही जोड चल्दो रहेनछ। त्यसैले गुनगुनाउन मन लाग्यो -“किन शब्दो में आपका धन्यवाद करें” पाना था सो पालिया बाबा - “अब कुछं बाँकी नारहा, तुम्हे पाके जहाँ पालिया” शुक्रिया बाबा ।

२७ पेजको बाँकी अंश...

अपूर्व अवसर हो । यो अवसर सारा कल्पमा एक पटक मात्र प्राप्त हुन्छ ।

यसरी संगमयुगको महत्तालाई आत्मसात् गरी हामी बाबाका बच्चाहरूले यस युगमा भौतिक सुविधाहरूको खोजी नगरी आफ्नो अवस्था श्रेष्ठ बनाउन हर पल बाबाको याद र प्यारको झुलामा झुलिरहने तथा ज्ञान, योग, सेवा, धारणाका पाठहरूलाई कण्ठस्थ गरी जीवनलाई सुखमय बनाउने अविनाशी कमाईमा लाग्नु नै उपयुक्त मार्ग हो । हामी बाबाका बच्चाहरूले पद्मापदम सौभाग्य निर्माण गर्ने यस अवसरलाई अक्षरशः उपयोग गरौं र कल्प कल्पको बाजी मारौं ।

यतिखेर संगमयुगमा स्वयम् परमपिता परमात्माले सृष्टि परिवर्तनका लागि निमित्त बनाइनु भएका लेख राज दादा उर्फ ब्रह्माबाबाको योगदानको महिमा गर्न छुट्टै परिवेश आवश्यक पर्ने भए पनि एउटा तथ्य के सम्झनुपर्दछ भने जब यो सृष्टि परिवर्तनको काम शिव बाबाले पनि एक मात्र ब्रह्माबाबाका माध्यमबाट हामी ब्राह्मण बच्चाहरूबाट गराइरहनुभएकाले हरेक बच्चाले शिव बाबासँगै ब्रह्माबाबाको पनि याद गर्ने र तमोप्रधान दुनियाँलाई सतोप्रधान पावन सुखमय संसार निर्माण गर्नमा आफ्नो भूमिकाको स्मरण गरेर संगमयुग, शिवबाबा तथा ब्रह्माबाबाको स्मरण गरी गरी पुरुषार्थमा लागिरहनु नै आजको आवश्यकता हो । ब्रह्माबाबाको आसन्न स्मृति दिवसमा उहाँको अतुलनीय योगदानको स्मरण सहित श्रद्धाञ्जली पनि हो यो ।



# मेरो मधुवन यात्रा

इ. अन्जनी कुमार देवजु श्रेष्ठ

गत नोवेम्वर १४ देखि १८ सम्म माउण्ट आबुमा भएको Time to Receive God's Power for Great Transformation नामक सम्मेलनमा भाग लिनको लागि काठमाण्डौं-वीरगंज-दिल्ली हुँदै माउण्ट आबु पुगियो । सबैजसो सहभागीहरू ट्रेनबाट नै गएका थियौं । दुई दिनको ट्रेनको यात्रापछि बिहान चार बजेतिर आबूरोड स्टेशनमा ओर्लियौं । भारतको विभिन्न ठाउँबाट आएका मानिसहरूको कारण स्टेशनमा ठूलै भिडभाड थियो । ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयको बसमा चढी शान्तिवन आइपुग्यौं । एउटा रुममा ५/६ जना सहभागीलाई शेयरिङ्ग गरि बस्ने व्यवस्था मिलाइएको थियो । त्यसपछि रिफ्रेस भई चिया नास्ता गरी हामी मधुवनको यात्राको लागि लाग्यौं । घुमाउरो नागबेली सडकबाट उकालो चढ्दै झण्डै डेढ घण्टाको यात्रा पछि मधुवन हाईटमा पुगियो । मधुवन त्यो स्थान रहेछ जहाँ ब्रह्माबाबाको तनमा शिवबाबा अवतरण भई साकार मुरली सुनाउनु हुन्थ्यो । त्यो क्रम झण्डै पाँच वर्षसम्म चलेको थियो । उक्त समय दादाले बस्ने कुटी तथा ध्यानकक्ष हेर्ने मौका पाइयो । ब्रह्माबाबाको समाधि स्थलमा निर्माण गरिएको शान्ति स्तम्भ, हिस्ट्रिहल, (जहाँ शुरुका दिनहरूमा क्लास गरिन्थ्यो) पनि देख्ने सु-अवसर प्राप्त भयो । यी चार पावन क्षेत्रलाई चारधाम भन्ने गरिन्छ । चारधाम क्षेत्र (पाण्डब भवन) बाहेक त्यस क्षेत्रमा युनिभर्सल पिस हल, ज्ञानसरोवर बनाइएको छ । मधुवन क्षेत्र पहाडी एरियामा पर्छ भने शान्तिवन बेसी एरियामा पर्छ । शान्तिवनमा डायमण्ड हल, प्रकाश स्तम्भ, कन्फ्रेन्स हल, दादीहरूको अफिस तथा रेसिडेन्ट, भोजन गृह, बस्नको लागि त्रिलोक, दिव्यलोक आदि नाम गरिएका ठूला-ठूला आवास बिल्डिङ्गहरू बनाइएका छन् । १५ तारिखको दिन सम्मेलनको समुद्घाटन भयो । समुद्घाटनको बेला तीन जना दादीजीहरूको उपस्थितिले सम्मेलन उत्सवमय भएको थियो । विभिन्न क्षेत्रबाट आएका झाँकीहरूले आफ्नो कला प्रदर्शन गरेका थिए । झाँकीहरूको प्रदर्शनले गर्दा सम्मेलन अझ शोभनीय भएको थियो । लगभग ९९ वर्ष पुगेकी दादी जानकी तथा ८७ वर्षकी हृदयमोहिनी दादीका महावाणीहरू हृदय छुने खालका थिए । सम्मेलन अवधिभर बिहानको सत्रमा हेल्थ टिप्स तथा राजयोग मेडिटेशनका कक्षाहरू सञ्चालन गरिएको थियो भने दिवा सत्रमा प्रतिष्ठित व्यक्तिहरूले पेपर प्रस्तुतीकरण गर्नुभएको थियो । नेपालबाट पाल्नुभएका पूर्वप्रधानन्यायाधीश श्री हरिप्रसाद गौतम तथा पूर्व मन्त्री अर्जुन नरसिंह केसीले आ-आफ्ना पेपर प्रस्तुत गर्नुभएको थियो । साँझको सत्रमा अन्य रोचक विषयका प्रस्तुतिहरू राखिएका थिए ।

करिब पाँच हजार व्यक्तिहरूको

उपस्थितिमा गरिएको सो सम्मेलन भव्य थियो। कहिँकतै शोरगुल थिएन। एउटा म्याट्रिक्स स्वरूप बनेको थियो। मानिसहरू लगनमा मग्न थिए। अनुहारहरू चिन्ता, तनावरहित देखिन्थे। भोजनगृहमा पाकेका शुद्ध शाकाहारी खानपान, निर्धारित समय अनुसारको प्रोगाम, अधिकाँश श्वेत पहिरन, धूम्रपान तथा मद्यपानरहित एरिया, पक्कै पनि बाबाको आशीर्वादले उक्त स्थान र समय चिरस्मरणीय छ। भौतिक तथा आध्यात्मिक विकासको बेजोड संगमको नमूना हुन्– शान्तिवन। तीस हजार मानिसका लागि अढाइ घण्टामा खाना पाक्न सक्छ, जुन कार्यको लागि Solar System बाट ऊर्जा प्राप्त हुन्छ। दैनिक रूपमा निस्कने प्राङ्गारिक तथा अप्राङ्गारिक फोहरमैलाहरूको सम्पूर्ण रूपमा व्यवस्थापन गरिएको छ। बीस हजार मानिस अटाउन सक्ने डायमण्ड हल र त्यति नै मानिस बस्नको लागि संस्थामा बिल्डिङ्गहरू निर्माण गरिएको छ। ती विल्डिङ्गहरूमा चौबिसै घण्टा तातो-चिसो पानी, बिजुली तथा सुरक्षाको व्यवस्था छ। संसारभर पुग्ने Peace of Mind TV को कार्यालय पनि यही परिसरमा रहेको छ। फोहर पानी प्रशोधन गर्ने व्यवस्था, यातायातको सुबिधा, परिसरमा बगैंचाहरू तथा सरसफाई आदिका कारणले यस क्षेत्रको भौतिक विकास राम्ररी नियाल्न सकिन्छ। उपल्लो स्तरको भौतिक विकासको साथसाथै यहाँ शान्ति र आनन्द छ। चिन्ता तनावबाट मुक्त हुन सकिन्छ किनकि यहाँ साक्षात् शिव परमात्माको आशीर्वाद छ। शिव परमात्मासँग कसरी योग गर्ने भन्ने ज्ञान दिइन्छ। आज मानिसहरूका मन विक्षिप्त अवस्थामा छन्। धेरै मानिसहरू तनाव र निराशाको अवस्थामा छन्। यसका अनगिनत कारणहरू छन्। यस्तो समयमा मानिसले आफ्नो मनलाई शक्तिशाली बनाउनुपर्छ भन्ने सन्देश दिन्छ – ओम् शान्तिले। चरित्रवान भइ स्व परिवर्तनको शुरुवात गर्न शिक्षा प्रदान गर्छ। शक्तिशाली मन र तीक्ष्ण बुद्धिको मदतले हरेक दिन बाबाको ध्यान गरी सम्पूर्ण दिनको लागि आफू प्रफुल्लित हुन सक्ने कुरा बताउँछन्। यसरी भगवान्सँगको योग गर्ने पद्धतिलाई राजयोग भनिन्छ र जुन पद्धति सरल र वैज्ञानिक छ। राजयोग ध्यान बिधिको ज्ञान ओम् शान्ति सेन्टरहरूमा पाउन सकिन्छ। अन्तमा मधुवनको चिरस्मरणीय यात्रालाई यहीँ विश्राम दिन चाहन्छु।

---

## १५ पेजको बाँकी अंश...

गरिरहेका छन्। आउनुहोस् तपाईं पनि परमात्माको यस पवित्र कार्यमा सहयोग दिएर पवित्र बनेर पावन दुनियाँमा जाने पुरुषार्थ गरौं। स्वयम् परमपिता परमात्मा निःस्काम सेवा गरेर पृथ्वीलाई पावन बनाएर जानुहुन्छ। देवताहरू सर्व गुण सम्पन्न छन्। चन्द्रमा समान चढ्नु र उत्रिनु देवताको नै गायन हो। चन्द्रमाको कला कम हुँदा-हुँदा रेखा मात्र रहन्छ। पुनः चढ्दा-चढ्दा पूर्णिमा बन्छ। त्यस्तै परमात्माले अमावस्या समान बनेका आत्मालाई पूर्णिमा समान सर्व कला सम्पन्न बनाउनुहुन्छ। यसैले परमात्मालाई भनिन्छ चढ्ती कला तेरे भाने सर्वका भला।


























१. हर्कपुर : हरिबोधिनी एकादशी मेलामा चित्र प्रदर्शनीको उद्घाटन गर्नुहुँदै कैलाश आश्रमका पीठाधीश १००८ स्वामी समानन्द गिरीज्यू, मुकुन्दसेन टेलिभिजनका अध्यक्ष राजकुमार श्रेष्ठ । २. शिवाई : ओम शान्ति भवनको गृहप्रवेश गर्नुहुँदै ब्रह्माकुमारी गंगा माताजी, गा.वि.स सचिव सत्यनारायण चौधरी, ब्रह्माकुमारी भगवती बहिनी तथा अन्य । ३. दिक्तेल : कर्मचारीहरूका लागि तनाव व्यवस्थापन कार्यक्रम पश्चात ग्रुप फोटोमा प्र.जि.अ. गोविन्द सापकोटा, जबरजंग गणका कर्णेल रामबहादुर थापा, मालपोत अधिकृत विनोद गेलाल, ब्रह्माकुमारी मिनु बहिनी, प्रशिक्षक ब्रह्माकुमार दिपक भाइ तथा अन्य । ४. भक्तपुर : श्री नेपाली सैनिक प्रतिष्ठान खरिपाटीका सैनिकहरूलाई राखी बाँधे पश्चात ग्रुप फोटोमा ब्रह्माकुमारी मोहनदेवी बहिनी, ब्रह्माकुमार नवराज भाइ, उप सेनानी लीलामाया बस्नेत तथा अन्य । ५. दिक्तेल : खोटांग जिल्लाका प्र.जि.अ गोविन्द सापकोटालाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी भगवती बहिनी साथमा ब्रह्माकुमारी मिनु बहिनी । ६. ठमेल, काठमाण्डौ : सशस्त्र प्रहरी गुल्म निर्वाचन आयोगमा राखी बाँधे पश्चात ग्रुप फोटोमा प्रहरी नायव उपरीक्षक, प्रहरी निरीक्षक, ब्रह्माकुमारी सन्तोषी बहिनी, अनिता बहिनी, ब्रह्माकुमार तुलसी भाइ तथा अन्य । ७. थानकोट : महानगरीय प्रहरी वृत्त चेकपोष्टमा राखी बाँधे पश्चात ग्रुप फोटोमा प्रहरी नायव उपरीक्षक वीरबहादुर बुढामगर साथमा ब्रह्माकुमारी अञ्जु बहिनी लगायत अन्य । ८. रञ्जितपुर : सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालका प्रहरी जवानहरूलाई राखी बाँधे पश्चात ग्रुप फोटोमा प्रहरी निरीक्षक हिमलाल श्रेष्ठ, ब्रह्माकुमारी भगवती बहिनी, ब्रह्माकुमार दिपक भाइ तथा अन्य । ९. बनेपा : एस. ओ. एस बालग्रामका बालबालिका तथा पदाधिकारीहरूलाई राखी बाँधे पश्चात ब्रह्माकुमारी लक्ष्मी बहिनी तथा अन्य । १०. सप्तरी जेल : जिल्ला कारागारमा रहेका कैदी बन्दीहरूलाई राखी बाँध्नुहुँदै ब्रह्माकुमारी भगवती बहिनी साथमा रेणुका कर्माचार्य । ११. दार्जिलिंग : गृहसुधार(जेल)मा राखी बाध्नुहुँदै ब्रह्माकुमारी बबिता बहिनी साथमा ब्रह्माकुमार रोहित भाइ तथा अन्य । १२. रामपुर : तनाव व्यवस्थापन तालिमको उद्घाटन गर्नुहुँदै समाजसेवी रेणुकान्त ढुंगाना, मोहन बस्नेत, ब्रह्माकुमारी शान्ति बहिनी, ब्रह्माकुमार दिपक भाइ तथा अन्य

























१. चरिकोट : दोलखा महोत्वसको अवसरमा आयोजित प्रदर्शनीको उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री सुशील कोइराला साथमा ब्रह्माकुमारी सफला बहिनी, ब्रह्माकुमारी राधिका बहिनी, ब्रह्माकुमारी सन्तोषी बहिनी । २. नारायणगढ : तनाव व्यवस्थापन तथा आन्तरिक शान्ति अनुभूति शिविर कार्यक्रमको उद्घाटन गर्नुहुँदै कृषि मन्त्री हरि प्रसाद पराजुली, सभासद हरिप्रसाद घिमिरे, प्रमुख जिल्ला अधिकारी मन बहादुर विश्वकर्मा, पूर्व मन्त्री सावित्री बोगटी तथा अन्य । ३. गढीमाई, वीरगंज : गढीमाई मेलाको अवसरमा आयोजित प्रदर्शनी कार्यक्रमको उद्घाटन पश्चात ग्रुप फोटोमा युवा तथा खेलकुद मन्त्री पुरुषोत्तम पौडेल, श्रीमती प्रमिला सुवेदी पौडेल, सभासद राधेचन्द्र यादव, ब्रह्माकुमारी रवीना बहिनी, ब्रह्माकुमारी मिना बहिनी तथा अन्य । ४. फुटुङ्ग : सभासद तथा नेपाली कांग्रेसका उप सभापति रामचन्द्र पौडेललाई ईश्वरीय उपहार दिर्नुहुँदै ब्रह्माकुमारी स्मृति बहिनी । ५. भरतपुर: तनाव व्यवस्थापन तथा आन्तरिक शान्ति अनुभूति शिविरको उद्घाटन गर्नुहुँदै सभासद कृष्णभक्त पोखरेल, भरतपुर नगरपालिकाका कार्यकारी अधिकृत नारायणप्रसाद सापकोटा, ब्रह्माकुमारी उषा दिदी, ब्रह्माकुमारी राज दिदी तथा अन्य । ६. ठमेल : सभासद इन्द्र वानियालाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी राज दिदी साथमा ब्रह्माकुमार रामसिंह भाइ । ७. हेटौडा : तनाव व्यवस्थापन तथा आन्तरिक शान्ति अनुभूति शिविर कार्यक्रमको उद्घाटन गर्नुहुँदै सभासद दिना महालक्ष्मी उपाध्याय साथमा प्र.जि.अ केशव घिमिरे, ब्रह्माकुमारी उषा दिदी, ब्रह्माकुमारी राज दिदी तथा अन्य । ८. फुटुङ्ग : सभासद भीमसेनदास प्रधानलाई ईश्वरीय उपहार दिनुहुँदै ब्रह्माकुमारी स्मृति बहिनी ।